## अध्याय - एक

### १.१ पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र बहुजातीय राष्ट्र भएकोमा विभिन्न जातजाति र समुदायको आ-आफ्नै धर्म, सँस्कृति, भाषा भेषभुषा रहेको समाजमा महिला र पूरुषको स्थान पनि ठाउँ परिवेश अनुसार फरक फरक रहेको पाइन्छ ।

नेपाल पितृसत्तात्मक समाजको रुपमा विकसित भएको कारणले गर्दा सम्पूर्ण निर्णय प्रकृयामा एकाधिकार जमाएको अवस्था हाम्रो सामू छर्लङ्ग छ भने वाल्यअवस्था देखि नै केटीहरुले सामाजिकीकरण नाममा नरम बोल्नु पर्ने, अर्काको निर्देशनमा काम गर्नु पर्ने, घरपरिवारका अन्य सदस्यलाई खुसी पार्नुपर्ने परिपाटी कायम रहेको छ भने केटाहरुले भने आफ्नो स्वभाव आक्रामक, कडा तथा दबाउने शैलीको हुनुपर्ने मान्यता रहेको छ । समाजमा कुनैपनि किसिमका कार्यहरुको जिम्मेवारी दिँदा होस वा घरपरिवारमा पुरुषलाई पहिलो प्राथमिका दिने गरेको पाइन्छ । जस्तै नेपाली समाजमा निर्णय प्रकृयामा छोरीको लागि वुवाले, श्रीमतीको लागि श्रीमानले तथा आमाका लागि छोराले हस्तक्षेपकारी भूमिका खेलेको पाइन्छ । महिलाको पहिचान हरेक तर्फबाट पूरुषसँग जोडिएको हुन्छ जस्तै एउटा परिवारमा महिलाको पहिचान बुवा, श्रीमान तथा छोरासँग जोडिएको हुन्छ ।

नेपालको कूल जससंख्यालाई हेर्ने हो भने आधाभन्दा बढी महिला रहेको  अवस्था छ । अधिकांश महिलाहरुले पुरुषमा परनिर्भर हुनुपर्ने अवस्था कायमै रहेको छ । नेपालको कूल जनसंख्याको ५१.५ प्रतिशत महिलाहरु रहेको अवस्था छ भने लैङ्गिक अनुपात अर्थात प्रति १०० महिलामा पूरुषको संख्यामा ९४.१६ रहेको छ । (तथ्यांक विभाग,२०६८)।

नेपालको सन्दर्भमा हेर्ने हो भने अधिकांश जिम्मेवारी पुरुषले लिने र अनुपातिक कार्यमा मात्र महिलालाई सरिक गराउने गरेको पाइन्छ । महिलामा पहुँच र क्षमता भएपनि पूरुषहरुले दबाएर राखेको अवस्था कायमै छ । परिवारमा महिलाको नाममा रहेको घरजग्गा कूल परिवारको १९.७१ प्रतिशत घर वा जग्गा महिलाको नाममा रहेको देखिएको छ । त्यस्तैगरि महिला परिवारमूली रहेको परिवार २५.७३ प्रतिशत रहेको पाइएको छ (तथ्यांक विभाग,२०६८) ।

समाजमा महिला र पुरुषलाई एकै सिक्काका दुई पाटा मानिन्छ । साथै लैङ्गिक समानताका नाममा कानूनी रुपमा महिलालाई पुरुष सरह स्थान दिन खोजेपनि सामाजिक वास्ताविकता फरक छ । विगत लामो समय देखि विकसित भएका कुसंस्कारलाई उचित र यथार्थपरक मान्दै धेरै जसो मानिसहरु त्यसैलाई अवलम्वन गर्दै आएका छन् । अन्धविस्वास, कुरिती,कुप्रथाले व्याप्त हाम्रो नेपाली समाजमा महिलाहरु खुम्चिएर बस्न बाध्य भएका छन् । त्यसलाई तोडेर अगाडी बढ्ने क्षमता उनीहरुमा हुँदैन । श्रीमानलाई देवता सरह पुज्ने, श्रीमानले जस्तोसुकै अन्याय अत्याचार गरेपनि सहेर बस्ने साथै जे भनेपनि आँखा चिम्लेर विश्वास गर्ने गर्छन् । यसरी नेपाली समाजमा कुरितीले जरो गाडेको स्पष्ट साथै प्रचुर मात्रामा भेटिन्छ ( उपाध्याय, २०६६) ।

समाजमा महिला र पुरुषको हरेक कियाकलापमा परम्परा देखि नै एकरुपता नभएको कारणले गर्दा महिलाहरु पछि परेका छन् । जसको मूख्य कारण परम्परा देखि नै महिलाहरुले पढ्नु हुदैन र महिलाले पुरुषको अधिनमा रहेर मात्र काम गर्नु पर्दछ भन्ने मानसिकताको कारणले गर्दा स्थानिय निकायका हरेक कियाकलापमा महिलालाई निर्णय प्रक्रियाबाट बञ्चित गराउनु र पुरुष प्रधान समाजको यथार्थ प्रस्तुत गर्नुले पनि महिलाले आफ्नै समाज र परिवारबाट हिंसाको शिकार हुनुपरेको तितो यर्थाथ  हामी सामु छर्लङ्ग देखिन्छ । साथै महिलाहरुलाई घरेलु कामदारको रुपमा लिने पुरुषवादी स्थानीय समाजको कारणले यस क्षेत्रका सवै जातजातिका महिलाहरु उत्पादनसील कामको सट्टामा अनुत्पादनसील काममा लगाइने पुरुषप्रधान सामाजिक, साँस्कृतिक संस्कारका कारण आजको विज्ञान र प्रविधिको युगमा पनि अध्ययन क्षेत्रका महिलाहरु विभिन्न अवसरवाट वञ्चित हुनुपरेको देखियो । नेपाली समाजको चौतर्फी विकास गराउन सकिएमा देशको समग्र विकासलाई अगाडी बढाउन बल पुग्ने कुरालाई नकार्न सकिदैन । यस वास्ताविकतालाई स्वीकार गरि नेपालको छैटौ योजना देखि विकासमा महिला सहभागीता राष्ट्रिय नीतिको रुपमा अवलम्वन गरि महिला विकासका लागी क्षेत्रगत कार्यक्रमहरु कार्यान्वयन र संस्थागत विकास गरिएको भएपनि लैङ्गिक समानता कायम गर्ने काममा खासै  नेपालमा प्रगति हुन सकेको देखिदैन (राष्ट्रिय योजना आयोग,२०४२) ।

## १.२.समस्याको कथन (Statement of problem)

महिला विरुद्धको हिंसा विश्वव्यापी समस्याको रुपमा देखापरेको एउटा जटिल समस्या हो । यस प्रकारको हिंसा सम्पूर्ण समाजका जातजाति, विभिन्न वर्ग समुदाय, धार्मिक संघसंस्थाहरु, विभिन्न उमेर समूहका व्यक्तिहरुमा कायम रहेको छ । नेपाल पितृसतात्मक राष्ट्र भएको कारणले यहाँका अधिकांश परिवारको निर्णय प्रकृयामा पुरुषको मूख्य हात रहने गरेको छ ।

नेपालको कूल जनसंख्याको आधा भन्दा बढी अर्थात ५१.५० प्रतिशत महिलाहरु रहेको अवस्थामा १०० जना महिला वरावरी ९४.१६ प्रतिशत हुन आउने भएतापनि सम्पूर्ण जिम्मेवारी पुरुषले लिने गरेको र महिलालाई दवाएर राख्ने गरेको पाइन्छ (तथ्यांक विभाग,२०६८) ।

महिला हिंसाको एउटा ज्वलन्त उदाहरणको रुपमा समाजमा छोरालाई राम्रो खानदिने, राम्रो निजी स्कूलमा पढाउने तथा उसका आवश्यकताहरु दिलो ज्यानले पूरा गर्ने सम्बोधन गर्ने तर छोरीलाई घरायसी काममा लगाउने, सरकारी स्कूलमा पढाउने तथा अनावश्यक वहानामा स्कूल छोड्न वाध्य गराउने जस्ता कार्यहरु गर्ने गरको पाइन्छ । महिला भएर जन्मिएपछि अरुलाई सेवा गर्नुपर्ने, धर्म, सँस्कृति, रितिरिवाज अनुसार चल्नुपर्ने तथा सधैं स्वच्छ र कूमारित्व कायम गर्नुपर्ने मान्यता अनुसार पुरुषको तुलनामा महिलालाई कम स्वतन्त्रता दिइएको छ ।

महिलाहरुले विभिन्न किसिमका समस्याहरु भोगिरहेको अवस्थामा गर्भावस्थामा भोग्नु परेको समस्या एउटा जटिल समस्याको रुपमा रहेको छ । नेपालको अधिकांश भूभाग पहाडी तथा हिमाली क्षेत्र  हुनु तथा ग्रामिण वसोवास सवैभन्दा वढी भएको अवस्थामा महिलाहरु स्वस्थ्य जाँचको लागि सुविधाको अभावमा विना जाँच वच्चा जन्माउन वाध्य भएका छन् भने बच्चा जन्माउने क्रममा सुविधा सम्पन्न स्वास्थ्य क्लिनिकको अभाव रहेको अवस्थामा परम्परागत रुपमा सुत्केरी गराउने, सामान्य  तालिम लिएका स्वास्थ्यकार्यकर्ता जस्तै सुडेनीको भर पर्ने कारणले गर्दा वच्चा जन्माउन नसकेर बर्षेनी धेरै महिलाको ज्यान जाने गरेको तथ्य हाम्रो सामु छर्लङ्ग रहेको छ । नेपालको गर्भावस्था देखि वच्चा जन्मने स्थिति सम्ममा प्रति १००००० मा २२९ जना महिलाको निधन हुने गरेको स्थिति रहेको छ (राष्ट्रिय योजना आयोग,२०७०) ।

महिलाहरुले भोग्नु परेका घरेलु हिंसाहरुमा प्रायः विवाह पश्चात उ माथि गरिने हिंसा बढी देखिन्छन् । जस्तै वैवाहिक वलात्कार, दाइजोका कारणले हुने हिंसा, लिङ्गको परिक्षण गरि छोरी भए गर्भ पतन गराउन लगाउने हिंसा, महिलाले सुत्केरी  अवस्थामा पाउनु पर्ने स्याहार संहारको कमी, पोषिलो खानाको कमि, बढी समय काममा खट्नु पर्ने वाध्यता, शारिरिक तथा मानसिक यातना अन्तर्गत पर्दछन् भने प्रौढ अवस्थाका महिला माथि हुने घरेलु हिंसाको सवालमा उचित स्याहार तथा औषधी उपचारको अभाव, बोक्सीको आरोप आदि पर्दछन् ( थपलिया, २०५८) । विशेष गरि यस्ता खालका हिंसाहरु बढी गरेर शहरी क्षेत्रका शिक्षित परिवारमा भन्दा ग्रामीण क्षेत्रमा रहने अशिक्षित परिवारमा बढी हुने गरेको विभिन्न अनुसन्धानहरुले देखाएका छन् जुन एउटा कारण अशिक्षा, जनचेतनाको अभाव र कानुनी प्रावधानको जानकारी कम हुनुले साथै त्यसको सही किसिमले व्यवहारमा कार्यान्वयन हुन नसक्नुले पनि हो । यस विषयको अध्ययन गर्ने क्रममा मैले सुर्खेत  जिल्लाको ग्रामिण र शहरी क्षेत्रका महिलाहरु माथि हुने गरेका घरेलु हिंसा र यसै सँग सम्वन्धीत शहरी क्षेत्रमा हुने घरेलु हिंसाको वारेमा तुलनात्मक अध्ययन गर्न खोजिएको छ । महिला माथि हुने घरेलु हिंसाको विषयमा अध्ययन गर्दा निम्न प्रश्नमा केन्द्रित भई अध्ययन गरिने छ ।

१. महिलाहरु पुरुषको तुलनामा हिंसाको शिकार हुने कारण के हो ?

२. परिवारले नै महिलामाथि जगन्य हिंसा गर्नु पर्ने कारण के हो ?

३. महिलाले हिंसा सहन वाध्य हुनुपर्ने मुख्य कारण के हो ?

४. शहरी र ग्रामीण भेगका महिलामा हुने हिंसाको प्रकृति कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा वीरेन्द्रनगर सदरमुकामको बुद्धपथका घरेलु हिंसा भोग्न वाध्य महिलाहरुको अनुसन्धानका लागि निम्न लिखित उद्देश्यहरु समावेश गरिएको छ ।

१. अध्ययन क्षेत्रका महिलाहरु माथि भएको हिंसाको कारणको अध्ययन गर्ने

२. अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक पृष्ठभूमिको अध्ययन गर्ने

३. ग्रामिण र शहरी क्षेत्र वीचको  हिंसाको तुलनात्मक अध्ययन गर्ने

### १.४ अध्ययनको महत्व

घरेलु हिंसावाट पिडित महिलाहरुको अध्ययनको माध्यमवाट निम्न लिखित महत्वपूर्ण उपलव्धीहरु हासिल गर्न सकिन्छ ।

१. महिला हिंसाको कारण र यसले समाजमा पारेको प्रभाव वारेमा जानकारी लिन सजिलो हुन्छ।

२. घरेलु हिंसामा परेका महिलाहरुको दिन दैनिकी वारेमा जानकारी हासिल गर्न सकिन्छ ।

३. ग्रामीण र शहरी क्षेत्रका महिलाहरुमा हिंसाको कारण र प्रकारको वारेमा विशेष जानकारी लिन सकिन्छ ।

४. अध्ययन क्षेत्रका महिला तथा समग्र महिलामाथि हुने घरेलु हिंसाको वारेमा सामान्यीकरण गर्न सकिन्छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

महिला विरुद्ध हुने घरेलु हिंसाको विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय तवरवाट अध्ययन अनुसन्धान भएको पाइन्छ। महिला हिंसाको मुख्य कारण के हो  र यसको मात्रा दिनानुदिन वृद्धि हुनुको पछाडी के कस्ता कारणहरु छन् भन्ने विषयमा दिनानुदिन अध्ययन अनुसन्धान भएको हामी पाउछौं। यो अध्ययनमा पनि महिला विरुद्ध हुने हिंसाको अवस्थाको वारेमा विभिन्न स्रोत सामग्रीको अध्ययन गरिनेछ।

### २.१ महिलाविरुद्ध हुने हिंसाको एक परिचय

हिंसा भन्नाले कूनैपनि व्यक्तिले अर्को व्यक्तिमाथि गर्ने दबाब, अमानविय क्रियाकलाप, त्यो भौतिक होस वा मनोवैज्ञानिक जुनसुकैलाई बुझाउँछ।

घरेलु हिंसा भन्नाले घरपरिवार भित्र होस वा वाहिर जुनसुकै वेला र वखतमा भौतिक तथा मनोवैज्ञानिक रुपमा गरिने हिंसाजन्य क्रियाकलापलाई जनाउँछ।

विश्वमा सरदर ३ जना महिलामा १ जना महिला दैनिक रुपमा हिंसाको शिकार हुनुपर्छ चाहे त्यो sexual होस वा physical जुनसुकै कारणवाट पिडित भएको पाइन्छ (WHO, 2004)।

महिलाहरुलाई सानोतिनो कारणवाट पनि पूरुषहरुले दैनिकरुपमा कुटपिट गर्ने, विभिन्न किसिमका दवावहरु दिने, हिंसा सहन वाध्य बनाउने जस्ता कार्यहरु गरिरहेको पाइन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने महिलालाई कूटपिट गर्नु सामान्य विषयको रुपमा देखापरेको छ। त्यस्तैगरि अशिक्षित  समाजमा गर्भावस्थामा बढि काम लगाउने, श्रीमानले वा परिवारका अन्य सदस्यले भौतिक रुपमा दमन गर्ने जस्ता कार्य गरेको पाइन्छ भने अपाङ्ग बच्चा जन्माउने तथा गर्भ खेर जाने गरेको पाइन्छ (WHO, 2004)।

विश्वमा महिला हिंसाको स्थिति हेर्ने हो भने करीव ५ जना महिलामा १ जना महिला भौतिक वा मनोवैज्ञानिक रुपवाट पिडित भएको तथ्य आएको छ (UNIPA, 2001)।

महिला हिंसा प्राय गरेर लैङ्गिक हिंसा (Gender abuse) को रुपमा वढी रहेको छ । यसको अर्थ के हो भने हिंसाको मूख्य पाटो भनेको पुरुष हो भने पिडित महिला हो । महिलाहरुको स्थान न्यून हुनु तथा न्युन शक्ति हुनुको कारणले गर्दा समाजमा महिला हेपिन, दलिन वाध्य हुनुपर्ने र पुरुष सधैं सवैसर्व हुनुपर्ने अवस्था छ (WHO, 1998) ।

महिला विरुद्ध हुने हिंसा एकप्रकारको जगन्य हिंसा मात्र होइन यसले महिलाको एकातर्फी मात्र गर्दैन कि यसले ऊ सँग जोडिएका वालवालिका, परिवारका सदस्य लगायत पूरै राष्ट्रलाई नै अतुलनिय क्षति पुऱ्याई रहेको हुन्छ भने लैङ्गिक हिंसा (Gender abuse) ले महिलाको क्षमतामा नकारात्मक असर पुऱ्याएको हुन्छ भने सामाजिक-आर्थिक विकासमा प्रभाव पारिरहेको हुन्छ (SAATH,2001) ।

## २.२ लैङ्गिक आधारमा हिंसाको प्रकृति (Gender Based Violence)

जव परिवारमा वच्चाहरु जन्मिन्छन उनीहरुले परिवारमा स्वतन्त्रताका साथ हुर्कने मौका पाउँछन भने विस्तारै उमेरको वृद्धि सँगै सामाजिक, साँस्कृतिक रुपमा महिला र पुरुष वा केटा र केटीवीचमा लैङ्गिक आधारको फरकपना देखापर्न थाल्दछ त्यसैगरी समाजमा महिला र पुरुषको स्थिति फरक फरक हुने गर्दछ । समाजले नै महिला र पुरुष वीचको भेदभाव पैदा गर्ने गर्दछ । महिलाहरु जन्मपूर्व देखि वृद्ध उमेर सम्म हिंसाको शिकार हुनुपरेको अवस्था छ ।

महिलाले भेल्नु पर्ने लैङ्गिक हिंसाको उदाहरणहरु निम्न छन् :

- जन्मपूर्वको अवस्था
- वाल्यवस्था (Infancy)
- युवावस्था (Adolescence)
- प्रौढ अवस्था (Adulthood)
- वृद्ध अवस्था (Old age)

## २.३ घरेलु हिंसाका प्रकारहरु

### १. यौनिक हिंसा (sexual abuse)

महिलाहरुमाथि हुने विभिन्न किसिमका हिंसाजन्य कार्यमध्ये sexual abuse पनि एउटा मुख्य कारण हो । महिलाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न किसिमका लोभ लालचमा पारेर होस वा अनावश्यक रुपमा माग राखेर पुरुषहरुले उनीहरुलाई प्रयोग गर्ने गरेको पाइन्छ । यस किसिमको हिंसाबाट महिलाहरु धेरै मात्रामा प्रभावित भएको पाइन्छ (WHO, 2004) ।

### २. भौतिक कारण (physical abuse)

महिलाहरु शारीरिक रुपमा अस्वस्थ भएको अवस्थामा पनि आफ्नो श्रीमानले अनावश्यक गाली बेइज्जति गर्ने, यौनसम्पर्कका लागि दवाव दिने जस्ता कार्य लगायत धम्क्याउने, हातहतियारको प्रयोग गरी हिंसा सहन बाध्य बनाउने र शारीरिक रुपमा अंगभंग गर्ने जस्ता कार्य गरि महिलामाथि हिंसा थोपरिएको पाइन्छ (UNFPA,2003)।

### ३. आर्थिक कारण (Economic abuse)

आर्थिक कारणले महिलाहरु बढी मात्रामा हिंसा भोग्न बाध्य भएको कुरा विभिन्न अध्ययन अनुसन्धानबाट पाइएको छ । आर्थिक अभावको कारण शिक्षा, स्वास्थ्य, लगायतका विषयमा ध्यान दिन नसक्नु एउटा पाटो हो भने अर्कोतिर महिलाले घरव्यवहार जिम्मा लिनुपर्ने तथा पुरुषको कमाई कम भएमा विभिन्न किसिमका समस्याहरु समाधान गर्न गाह्रो हुने र कूनैपनि रोगको संक्रमण भएमा महिलाहरु उपचारको कमिले कमजोर हुने र बारम्बार घरमूलीबाट हिंसा हुने जस्ता कूराहरु आर्थिक कारणसँग जोडिएका विषय हुन् ।

### ४. मनोवैज्ञानिक कारण (Psychological abuse)

मनोवैज्ञानिक रुपमा पनि महिलाहरु प्रभावित हुने गरेको पाइन्छ । खासगरि महिलाहरुलाई अप्रत्यक्ष रुपमा घरपरिवारका सदस्यले हिंसा गरिरहेका हुन्छन् । महिलहरुलाई घरभित्रको कार्यमा सहयोग नगर्ने, जबर्जस्ती बच्चा जन्माउन दवाद दिने तथा गर्भपतनका

लागि दवाद दिने र विभिन्न किसिमका हातहतियारको धम्की दिएर विभिन्न किसिमका हिंसा गरेको पाइन्छ (UNFPA,2003)।

**५. परम्परागत कारण (Traditional abuse)**

परम्परागत मूल्यमान्यताका कारण महिलाहरु हिंसाको शिकार हुनु परेको देखिन्छ उदाहरणको लागि दाइजोको कारण मूख्यतया तराई क्षेत्रका महिलाहरु हिंसाको शिकार भएको कूरा विभिन्न समयमा सार्वजनिक भइरहेको यथार्थ घटनाक्रमले देखाएको छ । छोरीलाई विवाह गर्नका लागि केटा किन्नुपर्ने र केटाको माग अनुसार चल अचल सम्पत्ति दिनुपर्ने र भनेजति दाइजो नभएमा वैवाहिक कार्यक्रम विथोल्ने कार्य गरेको पाइन्छ भने विवाह भइहाले पनि पछि दाइजोको माग गरि महिलामाथि कूटपिट गर्ने, अङ्गभङ्ग गर्ने तथा हत्यासमेत गरेको तथ्य छर्लङ्ग भएको छ । त्यस्तैगरि देउकी प्रथा, वादी प्रथा, छाउपडी प्रथा, जारी प्रथा, झुमा प्रथा, आदि सवै तर्फवाट महिला पिडित भएको देखिन्छ (SAATHI, 2001)।

**६. सामाजिक साँस्कृतिक कारण**

आफ्नो धर्म परम्परा अनुसार महिलाहरुले विभिन्न किसिमका भूमिकाहरु निर्वाह गर्नुपर्ने र त्यस किसिमको साँस्कृतिक परम्पराका कारण महिलाहरु हिंसा भोग्न बाध्य भएका छन्, जस्तै उदाहरणका लागि छाउपडि प्रथा, झुमा प्रथा, बोक्सी प्रथा जस्ता कूराहरु महिलामाथि थोपरेर हिंसालाई प्रश्रय दिइरहेको पाइन्छ ।

## २.४ विश्वमा महिला हिंसाको अवस्था

महिला हिंसा एउटा देशमा मात्र सीमित भएको विषय नभएर यो विश्वभरि फैलिएको एउटा साझा मुद्दा हो । अल्पविकसित राष्ट्र तथा विकासोन्मुख मूलुकहरुमा हिंसाको अवस्था अन्य देशको तुलनामा बढी भएको पाइन्छ । किनभने उक्त किसिमका देशहरुमा शैक्षिक योग्यता न्युन हुनु, गरिवी, वेरोजगारी जस्ता समस्याको चंगुलमा महिला पर्ने गरेको पाइन्छ ।

महिला हिंसाको अवस्था दक्षिण एसियाली मुलूकमा पनि निकै दयनीय रहेको छ । दक्षिण एसियन सँस्कृतिमा महिलाको स्थान तल्लो दर्जाको रुपमा रहेको छ भने छोरीको भन्दा वुहारीको

स्थान परिवारको सदस्यमा सवैभन्दा तल्लो स्थानमा राख्ने गरेको पाइन्छ । त्यस्तैगरि गर्भावस्थामा गह्रौं भारी वोकाउने तथा पौष्टिक आहारको खानेकुरावाट वञ्चित गर्ने गरेको विभिन्न अनुसन्धानवाट स्पष्ट भएको छ (UNICEF, 2001)।

महिला माथि हुने हिंसाको वारेमा अन्तराष्ट्रिय तवरवाट प्राप्त तथ्याङ्क अनुसार ६ प्रकारका हिंसा हुने गरेको तथ्य सार्वजनिक हुने गरेको छ । परिवारवाटै prostition वनाइनु, परिवारले अवहेलना र तिरस्कार गर्नु, श्रीमानले दाइजो भागी श्रीमतीलाई वारम्वार पिडा दिनु र कतिपय अवस्थामा हत्या समेत गर्न पछि नपर्नु जस्ता कार्यले गर्दा महिला हिंसा वढ्दो अवस्थामा देखिएको छ । त्यस्तैगरि विश्वमा ३ जना महिलामा १ जना महिला दैनिक रुपमा आफ्नै श्रीमान, परिवार वा अन्य व्यक्तिवाट कुटाई खानुपर्ने, जवरजस्ती यौन हिंसाको चपेटामा जीवन व्यतित गर्नुपर्ने अवस्था रहेको छ (UNICEF 2000) ।

महिला हिंसा सम्वन्धी अनुसन्धान गर्ने अर्को संयुक्त राष्ट्र संघीय संस्थाका अनुसार विश्वको महिला जनसंख्यामा ५ जना महिलामा १ जना महिला शारिरिक तथा मानसिक रुपले हिंसा भोग्न वाध्य भएको तथ्याङ्क सार्वजनिक भएको छ ( UNFPA, 2001) ।

दक्षिण एसियाली मुलुकहरुको संस्कृतिमा अन्य मूलुकको तुलनामा महिलालाई वढी भेदभाव गरेको पाइएको छ । दक्षिण एसियाली संस्कृतिमा महिलालाई तल्लो दर्जाको व्यक्तिको रुपमा हेर्ने गरिन्छ भने वुहारीलाई त झन् परिवारमा सवैभन्दा तल्लो दर्जाको रुपमा लिई मानसिक तथा शारिरिक रुपमा कमजोर वनाइने गरिन्छ । त्यस्तैगरि गर्भवती अवस्थामा पौष्टिक आहारको उपलव्धता गर्नुका साटो गह्रौभारी वोकाउने गरिएको पाइन्छ (UNICEF, 2001) ।

## २.५ दक्षिण एसियामा महिला हिंसाको अवस्था

दक्षिण एसियाली राष्ट्रका सवैराष्ट्र पितृसत्तात्मक परिवारका रुपमा विकसित भएका छन्। यहाँका महिलाहरुको परिवारमा वा समाजमा पूरुषको भन्दा तल्लो स्थान रहेको छ । महिलाहरुलाई दोस्रो दर्जाको व्यक्तिको रुपमा हेर्ने परिपाटीको् विकास भएको छ । महिलाको मूख्य जिम्मेवारीको रुपमा पुर्नउत्पादनको कार्यमा समावेश गरिन्छ भने इच्छा परिपूर्तिका लागि विशेष प्रयोग गर्ने गरेको देखिन्छ ।

दक्षिण एसियाली राष्ट्र भारतमा विभिन्न किसिमका हिंसावाट महिलाहरु प्रभावित भएको पाइन्छ। सवैभन्दा वढी महिला प्रभावित हुने विषय भनेको भारतका लागि दाइजो (dowry) प्रथा रहेको देखिन्छ। दाइजोको कारण प्रत्येक वर्ष २५०० भन्दा बढी महिलाको हत्या हुने गरेको देखिन्छ । त्यस्तैगरि भारतको मुम्बई क्लिनिकमा प्रत्येक बर्ष ८००० गर्भपतन गराउने मा ७९९९ छोरीको भएको पाइएको छ । त्यस्तैगरि भारतमा १५ देखि ६० बर्ष उमेर समूहका विवाहित महिलामा ५६ प्रतिशत महिला दिनहुँ श्रीमानवाट कूटपिटको शिकार हुनुपरेको पाइएको छ । भारतमा मूख्यगरी जबरजस्ती करणीको घटना वृद्धि भएको पाइन्छ । DELHI मा १६ बर्ष मूनिका वालवालिकामा ७० प्रतिशत वालिका त्यस किसिमको हिंसाको शिकार भोग्न वाध्य भएको पाइन्छ (UNICEF, 2001) ।

दक्षिण एसियाली राष्ट्र बंगलादेशमा विभिन्न किसिमका हिंसाको चपेटामा परेको देखिन्छ। मूख्य गरि यस देशमा sexual abuse, देहव्यापार, वेश्यावृत्ति जस्ता विषय अगाडि देखिएको छ । त्यस्तैगरि कूल महिला जनसंख्याको ४७ प्रतिशत महिला प्रत्येक दिन श्रीमानबाट पिडित हुने गरेको तथ्य सार्वजनिक भएको छ ।

पाकिस्तानमा महिला हिंसाको अवस्था अन्य राष्ट्रको भन्दा फरक रहेको छ । यहाँ महिलाहरुले पुरुषको सम्मान, इज्जत र गौरवका लागि काम गर्नुपर्ने हुन्छ । यदि महिलाले कुनैपनि सानो गल्ति गरेमा उनीलाई हत्या सम्म गर्न पछि नपर्ने समाजका विकास भएको पाइएको छ । एउटा अनुसन्धानले के देखाएको छ भने ग्रामिण भेगका ८२ प्रतिशत महिलाहरु तथा शहरी क्षेत्रका ५२ प्रतिशत महिलाहरु पुरुषबाट पिडित हुनुपरेको तथ्य सार्वजनिक गरेको छ । त्यस्तैगरि १५ बर्षमुनिका महिलामा सामूहिक बलात्कार हुने गरेको पाइन्छ (UNICEF,2001) ।

दक्षिण एसियाली राष्ट्र श्रीलङ्कामा अन्य राष्ट्रको तुलनामा केहि मात्रामा महिला समानता पाइको पाइयो । महिला हिंसाको अवस्थावारे अध्ययन गर्दा उक्त क्षेत्रका ६० प्रतिशत महिलाहरुले दिएको विवरण अनुसार गर्भावस्थामा केही पिडित भएपनि अन्य अवस्थामा महिलाको अवस्था राम्रो भएको तथ्य पाइयो (UNICEF,2001) ।

महिला हिंसाको अवस्था अन्या ठाउँको तुलनामा दक्षिण एसियामा लैङ्गिक हिंसा बढी हुने गरेको र त्यसमा पनि घरमूली वा श्रीमान नै बढी सक्रिय हुने गरेको पाइएको छ (UNICEF, 2001)।

## २.६ नेपालमा महिला हिंसाको अवस्था

नेपालमा विभिन्न क्षेत्र अनुसार महिला हिंसाको अवस्था फरक फरक पाइएको छ। कूल जनसंख्याको कूल ५१.५० प्रतिशत महिलाहरु भएको राष्ट्रमा पुरुषको वर्चस्व हुनु आफैंमा सोचनिय विषय भएको छ भने विभिन्न धर्म, सँस्कृति र जात अनुसार महिलालाई हेर्ने दृष्टिकोण पनि फरक फरक रहेको छ । कूल जनसंख्याको ६५.९ प्रतिशत साक्षरता भएको देशमा अशिक्षितको संख्या पनि हाराहारी अवस्थामा देखिन्छ (तथ्यांक विभाग,२०६८) । यसले गर्दा महिलालाई गर्ने व्यवहार पनि फरक फरक पाइएको छ । नेपालको मुख्य तथा लैङ्गिक हिंसा, देहव्यापारमा महिलाको प्रयोग, वेहुला किन्नुपर्ने संस्कृति, मानसिक यातना, छाउपडि प्रथा, देउकी प्रथा, झुमा प्रथा, कमैया, वादी महिला जस्ता अनेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महिलाहरु पिडित हुनुपरेको छ । त्यस्तैगरि ग्रामिण क्षेत्रमा धार्मिक तथा साँस्कृतिक रुपमा महिलाहरु पिडित भएका छन् ।

नेपालमा महिला हिंसाको अवस्थालाई विभिन्न क्षेत्रवाट आकलन गर्ने प्रयास गरिएको छ । नेपालको शहरी क्षेत्रको अवस्था भन्दा ग्रामीण क्षेत्रमा महिला हिंसा वढी भएको पाइएको छ । मुख्यतया ग्रामीण क्षेत्रमा अशिक्षा, लैङ्गिक हिंसा, यौनिक, आर्थिक, सामाजिक-सांस्कृतिक कारण आदिको अग्र स्थान रहेको देखिन्छ भने शहरी क्षेत्रमा मनोवैज्ञानिक, भौतिक, धाक-धम्की गर्ने जस्ता कार्यको वढी प्रयोग भएको पाइन्छ । नेपालमा ३ जना महिलामा १ जना महिला हिंसाको शिकार हुन बाध्य भएको अनुसन्धानवाट देखिएको छ । यसमा पनि सवैभन्दा वढी लैङ्गिक हिंसा र मनोवैज्ञानिक हिंसा रहेको छ । त्यस्तैगरि परिवार नियोजन संघ नेपालको अनुसार सवैभन्दा वढी मनोवैज्ञानिक हिंसाको चपेटामा परेको देखिन्छ । गरिवी, सांस्कृतिक विश्वास, चिन्ता, पितृसतात्मक समाज, सानै उमेरमा विवाह, दाइजो, सामाजिक वहिष्कार जस्ता विषयमा ग्रामीण क्षेत्रका महिला वढी प्रभावित भएको तर शहरी क्षेत्रमा यसको मात्रा कम भएको पाइएको छ ( SINGH-2013)।

नेपालको पश्चिमी क्षेत्रमा देहव्यापारमा करिव ५००० वादी महिलाहरु सक्रिय रहेको विभिन्न अध्ययनले देखाएको छ भने वादी महिला जनसंख्याको ३५ देखि ४० प्रतिशत महिला वेश्यावृत्तिमा संलग्न भएको पाइएको छ (UNICEF, 2003)।

वि.स. २००७ साल भन्दा अगाडि नेपालमा महिला विरुद्ध घरेलु हिंसाको वारेमा खासै अध्ययन अनुसन्धान तथा खोज भएको पाइदैन । २००७ सालपछि २०४६ सम्म नगण्य मात्रामा भएको देखिन्छ । पछि कमस नेपालका राजनैतिक दलहरुले राजनैतिक चेतना फैलाउने क्रममा महिला अधिकार र हिंसाजन्य कार्यको लागि चेतना फैलाउदै आएको पाइन्छ । महिला आन्दोलनको बारेमा चर्चा गर्दा साहाना प्रधान, शैलजा आचार्य, नोना कोइराला, मगंला देवी सिंहको सक्रियतामा नेपाल महिला संघको स्थापना पछि मात्र घरेलु हिंसालाई निरुत्साहित पार्ने प्रयासको थालनी भएको पाइन्छ । धेरै महिलाहरु घरेलु हिंसाबाट प्रभावित भएका छन् । जसका कारण अवुझ, अशिक्षा र सत्य बोल्न सक्ने क्षमताको अभावका कारण दिनानुदिन घरेलु हिंसामा वृद्धि भएको पाईन्छ । महिला तथा बालबालिका माथि घर भित्र हुने दुर्व्यवहार वा अत्यचार नै घरेलु हिंसा हुन् । महिलाहरु आफ्नै घर परिवार भित्र हेपिन्छन्, वलात्कारको शिकार हुन्छन् । जबरजस्ती देह व्यपारमा लगाइन्छ, यौन दासको रुपमा राखिन्छ, जवरजस्ती गर्भवती बनाइन्छ, वाल विवाह, अनमेल, बहुविवाह, विधुवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतको हिंसाहरु हुन् ( थपलिया, २०५८) ।

समाजमा ८० प्रतिशत भन्दा बढि हिंसा महिला विरुद्धमा हुने गर्दछन् । त्यस्तो हिंसामा कुटपिट, प्रताडना, दाइजोको कारण, हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेको छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा महिलाले माइती घर र पराई घर दुवै ठाउँवाट सम्पत्तीको हिसेदार बन्न नसक्ने भएकाले गर्दा महिलाहरुको विवाह पश्चात सामाजिक, आर्थिक, राजनैतिक आदि निर्णायक भूमिकामा उनीहरुको स्थिति कमजोर भएको पाइन्छ (अर्याल,२०५९)।

प्रा.डा.शान्ता थपलिया (१९८९) नेपाली महिला बारे “महिला हिंसा उन्मुलनका लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरु” भन्ने लेखमा भन्नुहुन्छ :– नेपाली महिला गरिब छन्, सन्तुलित आहार पाउँदैनन्, स्वास्थ्यको ग्यारेन्टी पनि छैन । देशका अधिकांश ग्रामिण महिलाहरुले आधा पेट खाएर कम्मरमा पटुका कसेर मेहनत गर्दछन् । सुत्केरी अवस्थामा स्याहार

सुसार नै पाउँदैनन् भने विभिन्न कारणले हिंसाको शिकार बन्न बाध्य भएका छन् साथै ग्रामिण समाजका महिलाहरु पछाडि पर्नुको मूख्यकारण सामाजिक संरचना, सामाजिक संस्था र समुदायहरुको फरक-फरक परम्परागत संस्कार र संस्कृतिहरुका कारण यस क्षेत्रका विविध जातजातिका महिलाहरु शिक्षाको अवसर प्राप्तिवाट वञ्चित भएको देखिन्छ । यी यावत कुराहरुबाट मुक्ति पाउनका लागी महिलाको शैक्षिक स्तरमा प्रगति हुनु अति नै आवश्यक देखिन्छ । महिलाको  अवस्थाको बारेमा यदाकदा अध्ययन अनुसन्धान नभएका पनि होईनन् तर विस्तृत रुपमा अध्ययनको खाँचो टड्कारो रुपमा देखिएको छ ।

विकसित भएका समाजहरुमा स्वतन्त्रताका संक्रमणका कारण महिलाहरु अधिकार र पहुँचवाट वञ्चित र अनविज्ञ भएका छन् । यति मात्र नभएर महिलाले पाउनुपर्ने अधिकार स्रोत, सुचना र साथै मानव अधिकारका कुराहरुमा पनि वञ्चित भएका छन् । यस्तो ज्यादती भएपछि अन्तराष्ट्रिय  महिला कार्यक्रमहरु देखापर्‍यो जसले महिलाहरुलाई फाइदा पुग्ने अधिकारहरु लैङ्गिक अधिकारहरु, समानता र समताका कुराहरुलाई अगाडि सार्‍यो यसरी महिलालाई सशक्तिकरण गदै विश्वभरि नै महिलाको विकास गर्न र अधिकार प्रदान गर्न विभिन्न कार्यक्रमहरु प्रर्वद्धन  र सुरक्षाका साथ गरियो र साथसाथै निश्चित  स्थानमा भएका महिलाहरु माथि  हुने दमन हिंसा द्धन्दको समाधान गरियो र यदि हामीले सामाजिक, सांस्कृतिक, राजनितिक  र आर्थिक  रुपले महिलाहरुलाई अधिकार प्रदान गर्ने हो भने त्यहाँ कुनै महिला हिंसा र दमन हुदैन । यसरी विभिन्न महिला विकास र सशक्तिकरणको हिंसा र दमन कम गर्न विश्वभरि महिलाहरु एकजुट हुन पहिले मेक्सिकोमा महिला सम्मेलन त्यसपछि कोपनहेगन, नैरवी र बेइजिङ्ग सम्मेलन यसका उदाहरणहरु हुन् । सन् १९७५ देखि १९८५ सम्म UN ले महिला दशक घोषणा गरि महिला अधिकारको वकालत गरेको थियो । यसै समयमा नेपालमा पनि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका थिए (गौतम, २०६७) ।

समाजमा महिलाहरुको भुमिका पुरुषको तुलनामा बढि नै रहेको हुन्छ । पुरुष विशेषत उत्पादन  तथा सामाजीक भुमिकामा संलग्न रहेको हुन्छ भने महिलाहरुको यी दुवै भुमिकाको अलावा जैविक रुपमा प्राप्त पुर्नउत्पादन भुमिका समेत रहेको हुन्छ । परम्परागत रुपमै दिमागको काम पुरुषको मानीन्छ भने घरेलु काम महिलाको मानिन्छ । महिलाको जीवन तथा

समाजका विभिन्न क्षेत्रमा पुरुष वा पितृसत्ताको नियन्त्रण रहेको हुन्छ । जस्तै महिलाको उत्पादन तथा श्रम शक्ति, महिलाको प्रजनन्, महिलाको यौनीकता, महिलाको गतिशिलता, सम्पत्ति तथा आर्थिक श्रोतसाधनहरु, सामाजिक सांस्कृतिक तथा राजनीतिक संस्थाहरु आदी । त्यसैगरि महिलाको जीवनका विभिन्न अवस्थाहरुमा पनि अनेक प्रकारका दमनहरु र भेदभावका विभिन्न स्वरुपहरु श्रृखलाबद्ध रुपमा देख्न पाईन्छ (भासीन,२०५७) ।

महिलाहरु माथि हुने घरेलु हिंसाको अन्त्य गरि समान स्तरको समतामुलक समाज निर्माणका लागि महिलालाई अधिकार दिलाउनका लागि विभिन्न नियम कानुनको कसरत गरिएता पनि प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइदैन । नेपालको सन्दर्भमा भन्नुपर्दा कुटपिट, लुटपाट, लोग्ने स्वास्नीको महल आदि जस्तो मुलुकी ऐनका महलमा व्याख्या गरिएको छ भने संविधानमा पनि महिला समानताको सम्वन्धमा व्याख्या गर्न लगाइएवाट अन्तराष्ट्रिय जगत तथा नेपालमा पनि महिला विरुद्धको हिंसाको लागि न्यायिक सक्रियता देखाइएको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ को (३) मा महिला वर्गको संरक्षण, सशक्तिकरण र विकासका लागि कानूनद्धारा विरोध गर्न सकिने कुरा उल्लेख छ । त्यस्तैगरी धारा १३ को (४) मा समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, महिला माथि कुनैपनि प्रकारको भेदभाव नगरिने व्यवस्था गरिएको छ । त्यस्तैगरि संविधानको धारा २० मा महिलाको प्रजनन् स्वास्थ्यको हकमा हिंसाजन्य कार्य विरुद्ध कानुनी उपचार, पैतृक सम्पत्तीमा छोरीलाई समान अधिकार आदि कुराहरु समावेश भएतापनि कार्यान्वयन पाटो उल्टो अवस्थामा रहेको छ (संविधान, २०६३) ।

नेपालको परिवेशमा कुरा गर्ने हो भने आधा भन्दा वढि जनसंख्या ओगटेका महिलाहरु घरेलु हिंसाको शिकार हुन वाध्य भएको वर्तमान अवस्थामा मुख्य मुद्दाको रुपमा रहेको छ । महिलाको हकहित सम्बन्धमा कार्य गर्ने विभिन्न सघं सस्था भएता पनि त्यसले प्रभावकारी काम गर्न नसकेको विभिन्न सर्वेक्षणले देखाएको छ । नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये ५१.५० प्रतिशत महिला रहेको लैंगिक अनुपात (sex ratio) प्रति १०० महिलामा पुरुषको सङख्या ९४.१६ रहेको छ । त्यस्तैगरि महिला परिवारमूली संख्या २०५८ को तुलनामा ११ प्रतिशतले वृद्धि भई ०६८ मा २५.७३ प्रतिशत पुगेको छ । ०६८ को तथ्याङ्क अनुसार महिला साक्षरता पुरुष साक्षरता ६५.५ को तुलनामा ४२.८ प्रतिशत रहेको छ (तथ्याङ्क विभाग,२०६९) ।

# अध्याय-तीन

## अनुसन्धान विधि

कुनै पनि विषय माथिको गहन तथा विश्लेषणात्मक अध्ययन नै अनुसन्धान हो । हरेक अनुसन्धानका लागि निश्चित पद्धति, प्रक्रिया हुन्छन् । अनुसन्धान पद्धति तथा प्ररचनाहरू जति व्यवस्थित र संगठित हुन्छन् । त्यति नै परिमाणहरू सत्य र तथ्यको नजिक हुन्छ । यस अनुसन्धानमा अनुसन्धानकर्ताबाट निम्न विधिको प्रयोग गरेर आफ्नो उद्देश्य पूर्ण गर्ने तर्फ कदम चालिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा प्रयोग गरिएको अनुसन्धान ढाँचा मुख्यतया दुई प्रकारको रहेको छ । जस अन्तर्गत वर्णानात्मक अनुसन्धान ढाचाँ र खोजमूलक अनुसन्धान ढाँचा रहेका छन् । वर्णानात्मक अनुसन्धान ढाँचा अन्तर्गत घरेलु हिंसामा परेका महिलाहरुको हिंसाको कारण, सामाजिक, आर्थिक, शैक्षिक लगायतका विषयहरुको वर्णन गरिने छ । त्यस्तैगरि खोजमूलक अनुसन्धान ढाँचा अन्तर्गत पिडित महिलाहरुको परिवारिक पृष्ठभूमि र हिंसाका कारणले गर्दा घरपरिवार र समाजमा पर्न गएको प्रभावको वारेमा अध्ययन गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

अध्ययन क्षेत्रको लागि सुर्खेत जिल्लाको मेली गा. वि. स. तथा वीरेन्द्रनगर सदरमुकामको एउटा टोल बुद्धपथ अन्तर्गत रहेका महिलाहरूलाई लिइएको छ । आजसम्म पनि यहाँका महिलाहरूको बारेमा कुनैपनि किसिमको अध्ययन नभएको र महिला हिंसाको विश्वव्यापी रुपमा बढ्दो स्थिती र सामाजिक रुपमा महिलामाथि हुने दुर्व्यवहार र उनीहरुको अवसरको सुनिश्चिताको लागि आगामी दिनहरुमा केही मात्रामा सहयोगको लागि उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको लागि छनोट गरिएको हो ।

## ३.३ समग्र नमूना र नमूना छनोट

एकातिर घरेलु हिंसाबाट पिडित भई सहेर बस्ने परिपाटी हाम्रो समाजमा यथावत रहेको छ भने अर्कोतिर अहिलेको वदलिदो परिस्थिति संगै जागरुप भई कानुनी उपचारको निमित्त सम्वन्धीत संस्था वा निकायमा उजुरी गरी सहयोगको याचना गर्ने परिपाटीको पनि विस्तारै विकास हुदै गएको छ । यस सम्वन्धमा प्रस्तुत अध्ययनमा दुई किसिमको क्षेत्रलाई समेटेर त्यसको तुलनात्मक अध्ययन गर्न खोजिएको छ । सुर्खेत जिल्लाको शहरी क्षेत्र बुद्धपथ तथा ग्रामीण क्षेत्रको मेली गा.वि.स.मा रहेका घरधुरी मध्येवाट १००/१०० घरधुरीलाई आधार मानी प्रत्येकवाट २०/२० प्रतिशत हुन आउने संख्यालाई उत्तरदाताको रुपमा समावेश गरिएको हो । छनोट गरिएको व्यक्तिहरूका अभिभावक, परिवारका सदस्यहरूलाई आवश्यकता अनुरूप तयार पारिएको प्रश्नको सूचीको आधारमा प्रश्नावली भर्न लगाई मात्रात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको हो ।

## ३.४ तथ्याङ्क संकलन विधि

प्रस्तुत अध्ययनको लागि अनुसन्धानमा प्रयोग भएका विधिहरु मध्ये केही प्रमुख विधिहरु नै अंगिकार गरिएको छ । अनुसन्धानका लागि प्रयोगमा आएका विधिहरु निम्न अनुसार रहेका छन् ।

### ३.४.१ अर्न्तवार्ता

यस अर्न्तगत अर्धसंरचित प्रश्नावली बनाई जनसांख्यिक,सामाजिक,आर्थिक तथा महिला प्रति परिवारको दृष्ट्रिकोण सम्वन्धि तथ्याङ्कहरु संकलन गरिएको छ । उतरदाताको रुपमा घरेलु हिंसामा परेका व्यक्तिहरु तथा तिनको परिवारलाई लिइएको छ । जसमा उनीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रश्न सोधेर उत्तर खोज्ने गरिन्छ जसले गर्दा गुणात्मक तथ्याङ्क संकलनमा सहयोग पुग्ने छ । यस अन्तर्गत व्यक्तिका विगतको अनुभव, हिंसाको कारण, हिंसाको भोगाई प्रतिको अनुभव, भविष्यको संभावित व्यवहार र उत्तरदाताको अपेक्षित चाहाना जस्ता कुराहरुको अर्न्तवार्ताको माध्यमवाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन

अध्ययनका क्रममा छनोट गरिएका पिडित पक्षवाट तथ्याङ्क संकलन गर्ने क्रममा पिडित पक्षको शारिरिक अवस्था जान्न घाउचोट, निलडाम आदिको अवलोकन तथा मानसिक अवस्थाको जानकारीका लागि प्रतिशोधका भावनाहरु, डराएको मनस्थिति, निरासा आदि कस्तो अवस्था छ भन्ने वारे आवश्यक सूचना संकलन गरिएको छ । उक्त व्यक्तिहरुको दिनचर्या,उनीहरुको साथी र अभिभावकको व्यवहार र पारिवारिक स्थिति साथै महिलाहरुको घर, खाना, कपडा समाजिक जमघट, अरु समुदायले गर्ने व्यवहार, उपचार जस्ता मनोबैज्ञानिक कुरा नजिकबाट अवलोकन गरिएको छ ।

### ३.४.३ व्यक्तिगत अध्ययन

सुर्खेत जिल्लाको ग्रामिण क्षेत्रमा रहेको मेली गा.वि.स. तथा शहरी क्षेत्रमा मा रहेका महिलाहरु मध्येवाट नमुना छनोट भित्र परेका घरेलु हिंसा पिडित महिलाहरुको वैयक्तिक विवरण संकलन गरिएको  छ । जसमा उनीहरुको वाल्यकाल देखि हाल सम्मको सामाजिकिकरण पिर, पिडा, बेथा र दुःखको आवाज सुन्ने र हिंसाको अवस्थालाई समावेश गरिएको छ ।

### ३.५ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

स्थलगत अध्ययनको क्रममा संकलित तथ्याङ्कलाई तिनीहरूको प्रकृतिको आधारमा गुणात्मक र संख्यात्मक रुपमा वर्गीकरण गरि मात्रात्मक तथ्याङ्कहरूलाई तालिकिकरण गरि प्रस्तुती गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरि सामान्यीकरण गरिएको छ ।

### ३.६ अध्ययनको सीमा

कुनैपनि अनुसन्धान कार्य गर्दा यसको समय, सीमा तोकिएकौ हुनु पर्दछ । खासगरी प्रस्तुत शोधपत्रमा घरेलु हिंसामा परेका महिलाहरुको बारेमा अध्ययन गरिएको र देशभरि छरिएर रहेका त्यस किसिमका महिलाहरुको अध्ययन गर्न संभव नहुने र भएता पनि समय र बजेटको धेरै आवश्यकता पर्ने भएकोले सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा शहरी क्षेत्र बुद्धपथमा रहेका

महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक लगायतका विषयहरुलाई जम्मा महिलाहरु मध्येबाट दैविक नमुना छनोट विधि अपनाई ४० जनालाई उद्देश्यपूर्ण नमूना छनोटमा लिइएको छ । यसरी एक ठाउँमा मात्र सिमित रहि गरेको अध्ययनको सम्पूर्ण घरेलु हिंसा पिडित महिलाहरुको सामान्यीकरणमा लागू नहुन पनि सक्छ जुन यस अध्ययनको सीमा हो ।

# अध्याय चार

## अध्ययन क्षेत्रमा महिला हिंसा तथा सामाजिक, आर्थिक अवस्था

### ४.१ परिचय

सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा वीरेन्द्रनगर सदरमुकामको बुद्धपथ टोलमा रहेको विभिन्न जातजातिका महिलाहरुले भोग्नु परेको हिंसा तथा उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, पेशागत, जमिनको स्वामित्व लगायतका विभिन्न पृष्ठभूमिको अध्ययन गर्ने कोशिस गरिएको छ । उक्त क्षेत्रमा गरिएको अध्ययनबाट प्राप्त संख्यात्मक विवरणहरुलाई तालिकामा प्रस्तुत गरिनेछ भने मात्रात्मक विवरणहरुलाई व्याख्यात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

सुर्खेत जिल्लाको मेली गा.वि.स.मा विविध जातजातिहरुको बसोबास भएको पाइन्छ । जसमा ब्राह्मण, क्षेत्री, दलित, जनजाति आदिको वसोवास छ । यस गा.वि.स. को कूल जनसंख्या ४८७५ छ । जसमा महिलाको संख्या २४६१ रहेको छ भने अध्ययन क्षेत्र मेली गा.वि.स. वडा नं. २ मा समग्र जनसंख्याको ११.११ प्रतिशत वा १६६ जना महिला रहेका छन् भने बुद्धपथ टोलको कुल जनसंख्या ५३० रहेको छ (जि.वि.स,२०६८) । मेली गा.वि.स. तथा बुद्धपथमा वसोवास गर्ने जातिहरुमा मूख्यरुपले ब्राह्मण, क्षेत्री, मगर, नेपाली, वादी, सार्की, कार्की, मेली, रोकाय, सिंहठकुरी, सुनार, विश्वकर्मा, दमाई, खड्का, खत्री, वस्नेत, महतारा, अधिकारी, ओली आदि रहेका छन् । जसमध्ये मैले मेली गा.वि.स. वडा नं. २ तथा बुद्धपथ टोलका महिलाहरुले भोग्नु परेका घरेलु हिंसा लगायतका विविध क्षेत्रमा अध्ययन गरेको छु । यस अध्ययन क्षेत्रमा ठकूरी, रोकाय, कार्की, मेली, टमारा, सुनार, लुहार आदि जातिको बसोबास भएको पाइयो । अध्ययन क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि र व्यपार भएको बताए । यहाँ धान, मकै, कोदो, गहुँ आदि लगाउने गरेको पाइयो । औपचारिक शिक्षा लिएका मानिसहरु सरकारी तथा गैर सरकारी निकायमा संलग्न भएको त्यति देखिएन । यहाँका मानिसहरुले राम्ररी यातायात, शिक्षा, स्वास्थ्य र खानेपानीको सुविधा पाएका छैनन् । त्यसमध्ये पनि यस अध्ययन क्षेत्रका महिलाहरुको सबै अवस्थाको अध्ययन गरि रहँदा पुरुषभन्दा ज्यादै कम पहुँच भएको पाइयो भने महिलाहरु घरेलु हिंसाको शिकार हुनुपरेको अवस्था पनि अध्ययनमा पाइयो ।

### ४.२ अध्ययन क्षेत्रमा रहेका महिला र पुरुषको विवरण

समाजमा विभिन्न उमेर समूहरुका विभिन्न जात, जाति र लिङ्गसँग सम्बन्धित व्यक्तिहरु हुने गर्दछन् । यस अध्ययनमा पनि उक्त क्षेत्रमा रहेका महिला र पुरुषको जनसंख्याको विवरणलाई उमेर र लिङ्गका आधारमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । वास्तवमा जनसंख्याको विवरणले वास्तविक स्थितिवारे प्रष्ट जानकारी लिन सकिन्छ । उमेरगत र लिङ्गगत आधारमा अध्ययन क्षेत्रको विवरणलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं १ उमेर तथा लिङ्गका आधारमा महिला र पुरुषको विवरण**

| उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-०५ | ४ | २.४० | ३ | १.८५ | ७ |
| ०६-१० | १२ | ७.२२ | ११ | ६.७९ | २३ |
| ११-१५ | १२ | ७.२२ | १५ | ९.२५ | २७ |
| १६-२० | ९ | ५.४२ | १४ | ८.६४ | २३ |
| २१-२५ | १६ | ९.६३ | १० | ६.१७ | २६ |
| २६-३० | २० | १२.०४ | १५ | ९.२५ | ३५ |
| ३१-४० | ३५ | २१.०८ | ३१ | १९.१३ | ६६ |
| ४१-५० | २७ | १६.२६ | २९ | १७.९० | ५६ |
| ५१ माथि | ३१ | १८.६७ | ३४ | २०.९८ | ६५ |
| जम्मा | १६६ | १०० | १६२ | १०० | ३२८ |

स्रोत :- घरधुरी सर्वेक्षण, २०७०

तालिका न. २ अनुसार अध्ययन गरिएको जनसंख्या मध्ये पुरुष र महिला वीचको जनसांख्यिक विवरणमा खासै फरक देखिदैन । नेपालको जनगणना २०६८ को तथ्याङ्कमा पनि महिलाकै संख्या

वढि पाइएको छ। अध्ययन क्षेत्रको जनसंख्यालाई तुलनात्मक रुपमा हेर्दा पनि उक्त क्षेत्रमा पुरुष भन्दा महिलाकै संख्या केही मात्रामा वढी भएपनि सानो क्षेत्रको अध्ययनमा खासै फरक नभएको हुनसक्छ।

### ४.३ उत्तरदाताको उमेरगत शैक्षिक विवरण

कुनैपनि व्यक्तिको शिक्षालाई उसको उमेरतग विवरणले पनि झल्काउने गर्दछ। अहिलेको वदलिँदो परिस्थितिमा उमेरले पढाइलाई छेक्दैन भन्ने कुराको दुईमत नभएको अवस्था रहेतापनि पहिले त्यस धारणालाई गलत मानिन्थ्यो। अध्ययन क्षेत्रमा रहेका महिला उत्तरदाताहरुको उमेरगत तथा शैक्षिक विवरणलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ उत्तरदाताको उमेरतग शैक्षिक विवरण**

| उमेर समूह | निरक्षर | | साक्षर/प्रा.वि. | | नि.मा.वि./मा.वि. | | उ.मा.वि./क्याम्पस | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ग्रामिण | शहरी | ग्रामिण | शहरी | ग्रामिण | शहरी | ग्रामिण | शहरी | | |
| १५–२० | - | - | १ | १ | १ | २ | - | १ | ६ | १५ |
| २१–२५ | - | - | - | - | १ | ४ | - | ३ | ८ | २० |
| २६–३० | - | - | १ | १ | १ | २ | १ | - | ६ | १५ |
| ३१–३५ | १ | - | २ | २ | - | - | - | १ | ६ | १५ |
| ३६–४० | १ | १ | १ | १ | १ | - | - | - | ५ | १२.५ |
| ४१–४५ | २ | - | १ | - | - | - | - | - | ३ | ७.५ |
| ४६–५० | २ | १ | १ | - | - | - | - | - | ४ | १० |
| ५१ माथि | १ | १ | - | - | - | - | - | - | २ | ५ |
| जम्मा | ७ | ३ | ७ | ५ | ४ | ८ | १ | ५ | ४० | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

तालिका नं. २ का अनुसार प्राप्त विवरण अनुसार महिलाहरु शिक्षामा धेरै पछि परेको अवस्था प्रस्तुत तालिकामा देखिएको छ। अहिलेको अवस्थामा महिलाहरु शिक्षा आर्जनमा केही हदसम्म उत्साहित भएको पाइयो। अध्ययनको क्रममा प्राप्त शैक्षिक विवरणलाई हेदा १५ देखि

२५ बर्ष उमेर समूहका महिलाहरुमा पढाईप्रति चासो बढेको पाइयो किनभने उक्त उमेर समूहका महिलाहरु मा.वि. उच्च मा.वि. र क्याम्पस स्तर सम्म पुगेको देखियो भने उमेरको बृद्धि सँगै निरक्षरता र कोही मात्र साक्षर देखिनुले पनि विगतका दिनहरुमा शिक्षा आर्जनबाट पूर्णतया वञ्चित हुनुपरेको देखिएको छ । उदाहरणका लागि ३५ बर्षमाथिका महिलाहरुमा १ जना प्राथमिक शिक्षासम्म लिन सक्षम देखियो भने अन्यले शिक्षा नपाएको स्थलगत अध्ययनवाट पुष्टि भएको छ ।

## ४.४ लिङ्गका आधारमा परिवारको पेशागत अवस्था

प्रत्येक व्यक्तिले जीवनयापनका लागि कुनै न कुनै पेशा व्यवसाय अपनाएको हुन्छ । भौगोलिक स्थिति, पारिवारिक वातावरण र सामाजिक परिस्थिति अनुसार महिला र पुरुषले गर्ने पेशा समाज अनुसार भिन्न हुने गर्दछ । अध्ययन क्षेत्रका परिवारको पेशागत विवरणलाई लिङ्गका आधारमा तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ पेशागत विवरण**

| विवरण | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| पेशा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कृषि | ७४ | ७१.०१ | ६५ | ६९.९ | १८९ | ६९.४८ |
| वैदेशिक रोजगार | ३ | - | १० | ५.२२ | ७ | २.५६ |
| सरकारी जागिर | ६ | २.८९ | ९ | ३.७३ | ९ | ३.३० |
| व्यापार | १२ | ३.६२ | १८ | ५.९७ | १३ | ४.७७ |
| मजदुर | १५ | ६.५२ | १८ | ८.९५ | २१ | ७.७२ |
| गृहणि र घरायसी | २८ | १५.९४ | १४ | ८.२० | ३३ | १२.१३ |
| जम्मा | १३८ | १०० | १३४ | १०० | २७२ | १०० |

घरधुरी सर्वेक्षण, २०७०

प्रस्तुत तालिका नं. ३ बाट के प्रष्ट हुन्छ भने ग्रामिण भेगका अधिकांश जनताहरु परम्परागत रुपमा कृषि पेशालाई नै मूख्य जीविकोपार्जनको माध्यमका रुपमा प्रयोग गरेको

पाइयो । वास्तवमा शैक्षिक क्षमताको कमिले गर्दा पनि सरकारी जागिर तथा व्यापारमा संलग्न हुन नसकेको कूरा स्थानिय वासिन्दा तथा अध्ययनमा संलग्न व्यक्तिहरुले वताएका थिए । त्यस्तैगरी शहरी क्षेत्रका महिलाहरु कृषि पेशा सँगसंगै व्यापारमा वढी आर्कषण भएको पाइयो । शहरी क्षेत्रका महिलाहरुमा वैदेशिक रोजगारी तथा सरकारी नोकरीमा पनि संलग्नलाई हेर्दा ग्रामीण क्षेत्रका महिलाको तुलानामा शहरी क्षेत्रका महिलाहरुको अवस्था केही सुदृढ अवस्थामा देखियो । पेशागत रुपमा महिला र पुरुषलाई तुलनात्मक रुपमा हेर्दा कृषिमा समान देखिएतापनि वैदेशिक रोजगारीमा महिलाको समभागिता शुन्य पाइयो भने पुरुषको सहभागिता ७ वा ५.२२ प्रतिशत पाइयो । महिला सहभागिता न्युन हुनुमा रुढिवादी परम्परा र छोरीहरुलाई अवसरवाट वञ्चित गर्ने मानसिकता रहेको तथ्य अध्ययनवाट पाइयो ।

### ४.५ उत्तरदाता महिलाको हिंसाको अवस्था

अध्ययनमा संलग्न गरिएका ४० जना महिलाहरु मध्ये अनुसन्धानको क्रममा पाइएको तथ्यलाई विश्लेषण गर्दा उक्त नमुना छनोटमा परेका महिलाहरुको अवस्थाको वारेमा तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ :- महिलाहरुको हिंसाको अवस्था**


| क्र.सं. | विवरण | शहरी | ग्रामीण | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साधारण महिला | ८ | ४ | १२ | ३० |
| २ | हिंसामा परेका महिला | १२ | १६ | २८ | ७० |
| जम्मा | | २० | २० | ४० | १०० |

घरधुरी सर्वेक्षण, २०७०

माथि तालिकामा देखाइएको विवरणवाट के प्रष्ट हुन्छ भने नेपालको ग्रामिण भेगमा वसोवास गर्ने महिलाहरु विभिन्न कारणले हिंसाको शिकार हुनुपरेको तथ्य छर्लङ्ग भएको छ भने शहरी क्षेत्रका महिलाहरुमा हिंसाको प्रकृति र मात्रामा केही कमी भएको अध्ययनमा संलग्न महिलाको भनाईवाट प्रष्ट भएको छ । त्यस्तैगरी अध्ययनमा समावेश महिलाहरु मध्ये १२ जना वा ३० प्रतिशतले सामान्य दिनचर्या सञ्चालन गरेको वताउने अधिंकाश महिलाहरु शहरी

क्षेत्रका थिए । प्राप्त विवरणलाई तुलनात्मक रुपमा हेर्ने हो भने अध्ययन संलग्न महिलाहरु मध्ये २८ जना वा ७० प्रतिशत महिलाहरु हिंसाको शिकार भएको अध्ययनवाट पाइयो ।

चित्रनं.१




## ४.६ उत्तरदाता महिलाको उमेर अवस्था

अध्ययनमा संलग्न गरिएका महिलाहरुले भोग्नु परेको हिंसाको विवरणलाई विश्लेषण गर्दा उनीहरुको उमेरके वारेमा पनि जानकारी लिन आवश्य हुन्छ । उमेरको आधारमा पनि हिंसाको प्रकृति फरक फरक हुने कुरालाई मनन गर्दै उमेरगत विवरणलाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ उत्तरदाता महिलाको उमेर अवस्था**

| क.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५–२० | ६ | १५.०० |
| २ | २१–२५ | ८ | २०.०० |
| ३ | २६–३० | ६ | १५.०० |
| ४ | ३१–३५ | ६ | १५.०० |
| ५ | ३६–४० | ५ | १२.५० |
| ६ | ४१–४५ | ३ | ७.५ |
| ७ | ४६–५० | ४ | १० |
| ८ | ५१ माथि | २ | ५ |
| जम्मा | | ४० | १०० |

स्रोतः घरधुरी सर्वेक्षण, २०७०

माथी प्रस्तुत गरिएको तालिकामा अनुसन्धानमा संलग्न गरिएका ४० जना महिलाहरुको उमेरगत विवरण सहित हिंसाको अवस्थालाई दर्शाउने कोशिस गरिएको छ । उक्त तालिकामा देखाइएको उमेरगत विवरण अनुसार ३५ वर्ष उमेर माथिका महिलाहरु तुलानात्मक रुपमा तल्लो उमेर समूहका महिला भन्दा वढी हिंसा पिडित भएको पाइयो भने अहिलेको वदलिदो परिस्थिति अनुसार महिलाहरु शिक्षित हुनु, पुरुषको शैक्षिक, आर्थिक अवस्थामा सुधार आउनु जस्ता कुराले हिंसाको मात्रा केही कमी देखिएपनि ३५ वर्ष माथिका महिला वढी पिडित भएको देखिएतापनि यस अध्ययनमा २१ देखि ३५ वर्ष उमेर समुहका महिला हिंसा पिडित भएको पाइयो ।

## ४.७ उत्तरदाता महिलाको वैवाहिक स्थिति

समाजशास्त्री/मानवशास्त्रीहरुले विवाहलाई एउटा सामाजिक प्रकृयाको रुपमा लिने गरेको पाइन्छ । हरेक समाजमा कुन उमेरमा विवाह गर्ने भन्ने कुरा त्यस समाजको सामाजिक तथा साँस्कृतिक पक्षहरुले प्रभाव पारेको हुन्छ । कुनैपनि व्यक्तिको शिक्षामा कस्तो पहुँच रहेको छ भन्ने कुरालाई पनि उसको वैवाहिक स्थितिले पनि प्रत्यक्ष्य र अप्रत्यक्ष्य रुपमा भूमिका खेलेको


हुन्छ । विवाह गर्दाको उमेरले पनि उक्त महिलाप्रति परिवारमा हेर्ने दृष्टिकोण र हिंसाको प्रकृतिमा प्रभाव पार्ने गर्दछ । त्यसैले यहाँ अध्ययन क्षेत्रका महिलाले कुन उमेरमा विवाह गरेका रहेछन् त भन्ने तथ्य अनुसन्धान कर्ताले अवलोकन र अर्न्तवार्ताको माध्यमवाट लिइएको जानकारीको तथ्याङ्कलाई तालिका नं. ६ मा देखाइएको छ ।

**तालिका नं. ६ उत्तरदाता महिलाको वैवाहिक स्थिति**

| क्र.सं. | वैवाहिक स्थिति | शहरी | ग्रामीण | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विवाहित | १४ | १३ | २७ | ६७.५ |
| २ | अविवाहित | ५ | ३ | ८ | २० |
| ३ | विधुवा | १ | ४ | ५ | १२.५ |
| जम्मा | | २० | २० | ४० | १०० |

घरधुरी सर्वेक्षण, २०७०

**चित्र नं. २**




प्रस्तुत तालिका नं. ६ अनुसार अध्ययन क्षेत्रका महिलाहरुको वैवाहिक स्थितिलाई तुलनात्मक रुपमा हेर्दा छनौटमा परेका महिलाहरु मध्ये २७ जना वा ६७.५ प्रतिशत महिला

विवाहित रहेको पाइयो भने उक्त अध्ययनमा संलग्न १२.५ प्रतिशत विधुवा महिला पनि उत्तरदाताको रुपमा समावेश भएका छन् ।

घटना १: हिंसा र विवाह वीचको सम्बन्ध :- ४१ बर्षीय रमिता सिंह ३ छोरीकी आमा हुन् । उनको विवाह १४ बर्षको उमेरमा भएको थियो । उनले ४ कक्षासम्म मात्र पढेको बताउँछिन् । आमा वावुले गर्दा १६ बर्षीय पदम सिंहसँग विवाह भयो । आर्थिक अवस्था सामान्य भएको परिवारमा उनको विवाह भएको बताइन् । सानै उमेरमा बच्चा जन्माएको कारणले स्वास्थ्य अवस्था बिग्रेकोले काम गर्नपनि नसक्ने तथा पाठेघरको समस्या रहेको वताउने रमिता सिंह श्रीमानको छोरा जन्माउनु पर्ने दवाव र सासु ससुराले पनि श्रीमान कै सहयोग गरि आफुमाथि अत्यचार गर्ने गरेको कुरा कुराकानीको क्रममा बताइन् । उनको भनाई अनुसार सानै उमेरमा विवाह गरेको र आमा हुनुपरेको कारण स्वास्थ्य विग्रेको जसले गर्दा हिंसाको शिकार हुनुपरेको वैयक्तिक अध्ययनको क्रममा बताएकी थिइन् ।

## ४.८ परिवारको प्रकृतिको आधारमा हिंसाको स्थिति

अध्ययन क्षेत्रका महिलाहरुको हिंसाको स्थिति अध्ययनलाई एकल - परिवार र संयुक्त परिवारमा विभाजन गरि अध्ययन गरिएको छ । परिवारको आकारले पनि महिलाको शैक्षिक, आर्थिक, सामाजिक, पारिवारिक, साँस्कृतिक, महिलाको निर्णय प्रकृयामा भूमिका, परिवारमा महिला हिंसाको अवस्था, सन्तान उत्पादन र छोरा छोरीको शिक्षादीक्षा के - कस्तो रुपमा दिने भन्ने कूरा परिवारको प्रकृतिका आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । अध्ययनमा संलग्न महिलाको परिवारको किसिम तालिका नं. ७ मा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ७ परिवारको प्रकृतिका आधारमा महिलाको विवरण**

| क.सं. | परिवारको किसिम | शहरी क्षेत्र | ग्रामीण क्षेत्र | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एकल परिवार | १७ | ९ | २६ | ६५ |
| २ | संयुक्त परिवार | ३ | ११ | १४ | ३५ |
| जम्मा | | २० | २० | ४० | १०० |

घरधुरी सर्वेक्षण, २०७०

तालिका नं. ७ का अनुसार अध्ययन क्षेत्रमा लिएको ४० घरधुरीको सर्वेक्षणको आधारमा हेर्दा परिवर्तित परिस्थितिमा संयुक्त परिवार भन्दा एकल परिवार प्रति विभिन्न जनसमुदायको आकर्षण बढ्दो रहेको यस अध्ययन क्षेत्रमा पनि पाइयो । विभिन्न अध्ययनहरुले एकल परिवारमा महिलाको स्थिति संयुक्त परिवारको महिलाको भन्दा सबल हुने कुरा उल्लेख गरेको भएता पनि यस अध्ययन क्षेत्रका महिलाको हिंसाको स्थिति एकल परिवारमा भन्दा संयुक्त परिवारमा कमि भएको पाइयो । यसको कारण संयुक्त परिवारका महिलाको घरायसी कामकाजमा परिवारका अन्य सदस्यले सहयोग गर्ने तथा दुःख, सुख बाँडेर लिने हुँदा र विभिन्न विभिन्न किसिमको हुन सक्ने हिंसा अन्य परिवारका सदस्यले निगरानी गर्ने भएकोले पनि महिला हिंसा संयुक्त परिवारमा कमि हुन्छ भन्ने एकल परिवारमा सम्पूर्ण काम एक्लैले गर्नुपर्ने र महिलाले सम्पूर्ण जिम्मेवारी लिनुपर्ने भएकोले संयुक्तको तुलनामा एकल परिवारमा महिला हिंसा बढि हुने अध्ययनवाट पाइयो भने ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा एकल परिवारको आर्कषण वढी पाइयो भने हिंसाको दर वरावरी अवस्थामा भेटियो । त्यस्तैगरि अध्ययनमा संलग्न ४० जना महिलाको परिवार मध्ये ग्रामीणका ११ जना महिलाको परिवार संयुक्त परिवारको रुपमा रहेको पाइयो ।

### ४.९ अध्ययन क्षेत्रका महिलामाथि हुने हिंसाको स्थिति

महिला हिंसा नेपालको परिवेशमा ७० को दशकमा व्यापक वृद्धि भइरहेको अवस्थामा अहिले जल्दोबल्दो विषयको रुपमा आएको छ । विभिन्न अध्ययनबाट हेर्ने हो भने प्रत्येक ३ जना महिलामा १ जना महिला कुनै न कुनै किसिमले हिंसाको शिकार हुनुपरेको अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । अध्ययन क्षेत्रमा संलग्न गरिएका ४० जना महिलाहरुको अवस्थाको वारेमा तालिका नं. ८ मा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ८ अध्ययन क्षेत्रका महिला हिंसाको अवस्था**

| क्र.सं. | विवरण | शहरी | ग्रामीण | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भौतिक हिंसा | ४ | ५ | ९ | ११.७६ |
| २ | आर्थिक हिंसा | १ | ३ | ४ | १३.०४ |
| ३ | मनोवैज्ञानिक हिंसा | २ | ३ | ५ | १३.०४ |
| ४ | हाडनाता (incest) | १ | १ | २ | ५.८८ |
| ५ | दाइजोको कारण हिंसा | २ | ५ | ७ | ११.७६ |
| ६ | सन्तानको उत्पादनमा दवाव | - | १ | १ | १३.०४ |
| जम्मा | | १० | १८ | २८ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७०

नोटः सामान्य जीवन चर्चा गर्ने महिला संख्या १२ रहेका छन् ।

तालिका नं. ८ मा अध्ययनमा संलग्न गरिएका ४० घरधुरीका एक एक जना महिला मध्ये २८ जना वा ६७.५ प्रतिशत महिलाहरु कुनै न कुनै रुपमा हिंसाको शिकार हुनुपरेको अध्ययनमा पाइयो । अध्ययनको क्रममा लैङ्गिक हिंसा, मनोवैज्ञानिक हिंसाको स्थिति बढी देखियो भने सन्तान उत्पादनको लागि दवाव दिई हिंसा गर्नेमा शहरी क्षेत्रमा शुन्य भएतापनि ग्रामीण क्षेत्रमा उक्त किसिमको हिंसा रहेको अध्ययनबाट पाइयो । त्यस्तैगरी ग्रामीण क्षेत्र र शहरी क्षेत्रका महिलाको वीचमा हिंसाको प्रकृति उस्तै देखिएपनि दाइजोको कारण तथा भौतिक रुपमा शहरको तुलनामा ग्रामीण क्षेत्रमा महिलाहरु वढी पिडित भएको पाइयो । ग्रामीण क्षेत्रमा अन्धविश्वास तथा अशिक्षाको कारणले गर्दा पुरुषहरु वढी हिंस्रक हुने गरेको र महिलाहरुलाई यातना दिने गरेको अध्ययनवाट पाइयो ।

**घटना नं. २ दाइजो र महिला हिंसा**

३२ बर्षिय लखनिया मण्डल (नाम परिवर्तन) २ छोरा र २ छोरीकी आमा हुन् । उनको विवाह १५ बर्षकै उमेरमा भएको थियो । बाबु आमाको सल्लाहले १९ बर्षिय सरदुल मण्डलसँगै विवाह भएको बताउँछिन् । आर्थिक अवस्था सामान्य रहेको परिवारमा छोरा छोरी राम्रै स्कुलमा पढिरहेको कुरा बताए तापनि हाल आएर श्रीमान तथा सासु ससुरा र परिवारका अन्य सदस्यले उनीलाई तल्लो दर्जाको व्यक्तिको हैसियतमा थिचोमिचो गर्ने गरेको र बारम्बार कूटपिट गरि पटक पटक घरबाट निकाला गर्न खोजेको कुरा बताइन् । घरबाट निकाल्न खोज्नुको वास्तविकता के हो भनेर सोध्दा उनको जवाफ थियो दाइजो नल्याएको कारण दैनिक हिंसा भोग्नुपरेको दुःखेसो हामीसँगै पोखेकी थिइन् । श्रीमान एस. एल. सी. सम्म पढेको बताउने मण्डलले माइतीमा पनि आर्थिक अवस्था कमजोर भएको र कुनैपनि कूरा दाइजोको रुपमा ल्याउन नसक्ने र बारम्बार हिंसा भोग्नुपर्ने कूरा अर्न्तवार्ताका क्रममा बताएकी थिइन् ।

# अध्याय पाँच

## महिलाहरुको शैक्षिक, सामाजिक तथा पारिवारिक अवस्था तथा धारणा

यस अध्ययनमा सुर्खेत जिल्ला मेली गा.वि.स.तथा बुद्धपथ टोलका महिलाहरुले भोग्नु परेका हिंसा र हिंसासँग जोडिएका विषयवस्तु र सामाजिक, साँस्कृतिक तथा शैक्षिक अवस्था सहितका विषयवस्तुलाई समेट्ने प्रयास गरिएको छ । त्यस्तैगरि महिला पुरुष वीचको शैक्षिक अवस्था तथा पेशागत अवस्था हिंसाका बारेमा बुढापाकाको धारणाको बारेमा बुझ्नको लागि वैयक्तिक अध्ययनको पनि यस अध्ययनमा चर्चा गरिएको छ ।

### ५.१ अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था

यो अध्ययन सुर्खेत जिल्लाको मेली गा.वि.स. वडा नं. २ तथा बुद्धपथ टोल मा बसोवास गर्ने महिलाको शिक्षाको स्थिति कस्तो रहेको छ भनेर थाहा पाउनको लागि गरिएको थियो । अध्ययनको आधारमा हेर्दा समय र परिस्थितिको परिवर्तनसँगै अध्ययन क्षेत्रका महिलाको शिक्षामा पनि केही रुपमा भएपनि परिवर्तन आउन थालेको पाइयो । जसको वारेमा अध्याय चारमा पनि संक्षिप्त रुपमा व्याख्या गरिएको छ ।

अध्ययन क्षेत्रका महिलाहरुको उमेर अनुसार स्तर र परिवारको प्रकृति अनुसार फरक - फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई विस्तृत रुपमा बुझ्नको लागि विभिन्न उप शिर्षकमा राखेर देखाइएको छ । अध्ययनमा संलग्न उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थालाई तालिका नं. ९ मा प्रस्तुत गरिन्छ ।

**तालिका नं. ९ उत्तरदाता महिलाको शैक्षिक अवस्था**

| शैक्षिक अवस्था | शहरी | ग्रामीण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | ३ | ७ | १० | २५ |
| अनौपचारिक साक्षर | २ | ५ | ७ | १७.५० |
| औपचारिक साक्षर | १५ | ८ | २३ | ५७.५० |
| जम्मा | २० | २० | ४० | १०० |

स्रोतः घरधुरी सर्वेक्षण, २०७०

तालिका नं. ९ अनुसार अध्ययन गरिएको क्षेत्रमा निरक्षर महिलाहरु २५ प्रतिशत रहेका छन् । उनीहरुले पढ्ने अवसर नपाएको र विद्यालयको प्राङ्गणमा सम्म नटेकेको कूरा अध्ययनबाट पाइयो । उनीहरु परम्परागत सोचका कारण भेदभावमा परेर शिक्षाबाट पूर्णरुपमा वञ्चितमा परेका विभिन्न जात र समूहका महिलाहरु रहेका छन् । उनीहरुको सामाजिक, साँस्कृतिक पृष्ठभूमी पनि गरीविको रेखामूनि रहेको र कतिपयको त जातिय विभेद को कारण शिक्षाबाट वञ्चित हुन वाध्य भएको कुरा घरधुरी सर्वेक्षणको क्रममा पाइयो । यसरी विद्यालय नजान महिलाहरुमा आर्थिक अवस्था कमजोर भएका र महिला शिक्षाप्रति परम्परागत धारणा राख्ने परिवार भित्रका पर्दछन् । यस्तैगरि अनौपचारिक साक्षरताको संख्या ७ जना वा १७.५० प्रतिशत रहेको छ । समग्र अध्ययनमा संलग्न महिलाहरुमा औपचारिक साक्षर संख्या निरक्षर र अनौपचारिक साक्षर भन्दा बढी भएको अध्ययनवाट पाइएको छ । उमेर शैक्षिक स्थितिलाई तुलना गर्दा सानै उमेरमा पनि शिक्षाबाट वञ्चित भएको अध्ययनवाट पाइयो । अध्ययनमा संलग्न शहरी तथा ग्रामीण क्षेत्रका महिलाहरुमा धेरैजसो वा ७ जना वा १७.५ प्रतिशत ग्रामीण क्षेत्रका महिला निरक्षर पाइयो भने शहरी क्षेत्रमा कम पाइयो । कतिपयले निरक्षरता उन्मूलनका लागि अनौपचारिक साक्षरता कक्षाहरुमा सामेल भई आफ्नो केही रुपमा भएपनि साक्षर हुने गरि जीवन परिवर्तन भएको वताएको कूरालाई पनि समावेश गरिएको छ ।

**घटना नं.३ अनौपचारिक शिक्षा**

४१ वर्षिया धनसरा विकका अनुसार उनी आफ्नो विद्यालय जाने उमेरमा पढ्न नपाएकोले उनीले मजदुरी र कृषि पेशामा संलग्न रहेको बताउछिन् तर जब २०५० सालमा यूनाइटेड मिसन टु नेपालले सुर्खेत जिल्लामा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम संचालन गरेर उनको गा.वि.स र टोलमा प्रौढ शिक्षा आएर पढ्न लागेर साक्षर भएपछि उनले आफ्नो मजदुरी/ज्याला र कृषि पेशा छोडेर गाऊमा स-सानो किराना पसल गरी आफ्नो जीविका चलाइरहेको बताउछिन् । श्रीमानले जाडँ रक्सी पिउने तथा जुवा तास खेलेर घरको कुनैपनि काममा सहयोग नगर्ने र वारम्वार कुटपिट गर्ने गरेकोले हिंसा पिडित भएको कुरा कुराकानीको कममा वताइन् । यदि पढ्न पाएको भए त्यस किसिमको हिंसा भोग्नु नपर्ने र श्रीमान पनि अशिक्षित भएकोले वढी मात्रामा पिडित हुनु परेको वताइन् ।

## ५.२ पारिवारिक प्रकृतिका आधारमा अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था

अध्ययन क्षेत्रका महिलाहरु सामाजिक अध्ययनलाई एकल-परिवार र संयुक्त परिवारमा विभाजन गरी अध्ययन गरिएको छ । पारिवारको आकारले पनि महिलाको शैक्षिक, आर्थिक, सामाजिक, पारिवारिक, साँस्कृतिक महिलाको निर्णय प्रक्रियामा भूमिका सन्तान उत्पादन र छोराछोरीको शिक्षादिक्षा के-कस्तो रुपमा दिने भन्ने कुरा परिवारको प्रकृतिका आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ । परिवारको किसिमको आधारमा महिलाको शैक्षिक विवरणलाई तालिका न.३ मा प्रस्तृत गरिएको छ ।

**तालिका न.११ परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था**

| शैक्षिक अवस्था | एकल परिवार | | संयुक्त परिवार | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | ग्रामिण | शहरी | ग्रामिण | शहरी | संख्या | प्रतिशत |
| निरक्षर | ४ | २ | ३ | १ | १० | २५ |
| साक्षर | ३ | २ | १ | १ | ७ | १७.५ |
| प्रा.वि. | २ | १ | १ | १ | ५ | १२.५ |
| नि.मा.वि. | ३ | १ | - | २ | ६ | १५ |
| मा.वि. | २ | २ | १ | १ | ६ | १५ |
| उ.मा.वि. | १ | ३ | - | १ | ५ | १२.५ |
| क्यापस | - | - | - | १ | १ | २.५ |
| जम्मा | १५ | ११ | ६ | ८ | ४० | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

तालिका न.११ का अनुसार यस अध्ययन क्षेत्रमा लिएको ४० घरधुरीको सर्वेक्षणको आधारमा हेर्दा परिवर्तित परिस्थितिमा संयुक्त परिवार भन्दा एकल परिवार प्रति विभिन्न जनसमुदायको आकर्षण बढ्दो रहेको यस अध्ययन क्षेत्रमा पनि पाइयो । संयुक्त परिवारमा भन्दा तुलनात्मक रुपमा एकल परिवारमा उच्च शिक्षा पढेका महिला बढी रहेको पाइयो । विभिन्न अध्ययनहरुले एकल परिवारका महिलाको स्थिति संयुक्त परिवारको महिलाको भन्दा सबल हुने कुरा उल्लेख गरेको भएता पनि यस अध्ययन क्षेत्रका महिलाको शैक्षिक स्तर हेर्दा एकल परिवारका महिलाको तुलनामा संयुक्त परिवारका महिलाको थोरै मात्रामा भएतापनि उच्च पाइयो । यसको कारण संयुक्त परिवारका महिलाको काममा परिवारका अन्य सदस्यले पनि सहयोग गर्ने भएकोले गर्दा समयको बचत हुने र पढ्नलाई समय दिने गरेको पाइयो भने एकल परिवारमा सम्पूर्ण काम एक्लैले गर्नुपर्दा पढ्ने समय नभएको अध्ययनमा संलग्न महिलाहरुले व्यक्तिगत कुराकानीको क्रममा बताए ।

**घटना नं.५ शिक्षा र पारिवारिक संरचना बिचको सम्बन्ध :-**

२३ बर्षिया सानुकला ( नाम परिवर्तन ) एकल परिवारमा बस्दछिन् । १८ वर्षको उमेरमा विवाह भएको र विवाह हुदाँ कक्षा १० मा पढ्दै गरेको उनले बताइन् । उनका श्रीमान्ले फ्रेस हाउस चलाएको बताइन् । विवाह भएको केही समय उनीहरु संयुक्त परिवारमा नै बसेको बताइन् । संयुक्त परिवारमा बस्दा उनले पढाइ छोडेकी थिइन । विवाह पछि उनले ११ कक्षाको परिक्षा दिएकी थिइन् । तर अचानक घरायसी मनमोटावले गर्दा उनीहरु छुट्टिएर भिन्न बस्न थालेको बताइन् । अहिले उनले १ वर्षको छोरा पनि रहेको बताइन् । सानो छोरा भएको र उसलाई हेर्ने कोही नभएकाले घरको काम एक्लैले गर्नु पर्दा उनले आफ्नो पढाइलाई निरन्तरता दिन नसकेको कुरा बताइन् ।

सानुकलासँग गरिएको कुराकानीलाई हेर्दा परिवारको प्रकृतिले पनि महिला शिक्षालाई प्रभाव पारेको देखियो एकल परिवारका महिलाको जिम्मेवारी संयुक्त परिवारका महिलाको भन्दा बढी हुने गर्दछ ।

### ५.३ सामाजिक कारण

महिलाहरुले समुदायमा पुरुषको भन्दा दोस्रो स्तरको रुपमा रहनुपर्ने वाध्यात्मक अवस्था हालसम्म कायमै रहेको छ । समाजमा विभिन्न किसिमका रितिरिवाज संस्कृति तथा अन्धविश्वास र कुरिति जस्ता परम्परागत कुराहरुलाई पनि नचाहाँदा नचाहँदै पनि अनुसरण गर्नुपर्ने अवस्था कायमै रहेको छ । महिलाहरु हिंसाको शिकार हुनुमा सामाजिक कारणले पनि स्पष्ट ठाँउ ओगटेको छ । सामाजिक रुपमा चलाइएका परम्परागत कुराहरुको अनुसरणले महिलाहरु हिंसाको शिकार हुनुपरेको अध्ययनमा संलग्न महिलाहरुको भनाईवाट स्पष्ट भएको छ । २१औं शताब्दीको संघारमा आइपुगेको समाजमा पनि बोक्सीको आरोपमा महिला कुटिनु, लखेटिनु, हत्या हुनु जस्ता ज्वलन्त उदाहरण हाम्रो समाजमा रहेको अवस्थामा महिलाहरु कमैयाको रुपमा अर्काको घरमा रखौटीको रुपमा रहनु, महिलाहरुको प्राकृतिक प्रकृया महिनावारीलाई छाउपडीको संज्ञा दिई गोठमा सुत्नुपर्ने र परिवारवाट अलग हुनुपर्ने जस्ता कुराहरु सामान्य उदाहरणका रुपमा रहेपनि महिलाहरु वारम्वार हिंसाको शिकार हुनुपरेको अध्ययनमा संलग्न महिलाहरुको भनाईवाट पुष्टि हुन्छ । शहरी क्षेत्र र ग्रामीण क्षेत्र वीचको तुलनात्मक अध्ययन गर्दा सामाजिक कारणले हिंसाको शिकार हुनेमा ग्रामीण क्षेत्रका महिलाहरु बढि भेटिए किनभने हरेक किसिमका अवसरवाट वञ्चित हुनेमा ग्रामीण महिलाहरु अग्र स्थानमा हुनु र शैक्षिक स्तरपनि शहरी महिलाको भन्दा न्युन हुनु तथा कुसंस्कार, कुरितिको मात्रा पनि ग्रामीण क्षेत्रमा बढी हुनु मुख्य कारण देखियो । सामाजिक रुपमा शहरी  तथा ग्रामीण क्षेत्रका महिलाहरुमा भएको हिंसाको अवस्थालाई तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं.१० सामाजिक कारण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शहरी | ६ | ४६.१५ |
| २ | ग्रामीण | ७ | ५३.८५ |
| जम्मा | | १३ | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

**घटना नं.६ सामाजिक कारण र हिंसा**

सुर्खेत सदरमुकाम वीरेन्द्रनगरको बुद्धपथ टोलकी ३७ बर्षीय वालकुमारी घिमिरेले कुराकानीको कममा आफु हिंसा पिडित भएको कुरा वताएकी थिइन् । उनको हाल १ छोरा र १ छोरी रहेको वताइन् । सामाजिक परम्परा र संस्कृतिको कारण साहुको घरमा बसेर कमैयाको रुपमा नै १५ वर्ष सम्म काम गरेको र उक्त काम गरेबापत कुनैपनि किसिमको परिश्रमको मुल्य नपाएकोले कमैया मुक्तिको घोषणा भएपनि आफू सधै निराश भएको वताउने वालकुमारी हिंसा पिडित भएको र अहिले राज्यवाट पाउने सुविधाको आशामा मजदुरी गरेर जीवन निर्वाह गर्दै आएको कुरा वताइन् । उनी जस्ता कयौ महिलाहरु कैलाली, कञ्चनपुर, दाङ, बाँके, बर्दिया, सुर्खेत लगायतका जिल्लामा रहेको कुरा अध्ययनवाट पाइयो ।

**५.४ आर्थिक कारण**

मानिसले दैनिक जीवन सञ्चालनका लागि कुनै न कुनै पेशामा संलग्न हुनुपर्ने हुन्छ । मानिसले आफ्नो क्षमता र परिश्रमवाट दैनिक जीवनचर्या सञ्चालन गरिरहेको हुन्छ । कुनै मानिस आर्थिक रुपमा सवल हुन्छ भने कोही आर्थिक रुपमा कमजोर हुन्छ । सामान्यतय सुदृढ आर्थिक अवस्था हुनेको तुलनामा कमजोर आर्थिक अवस्था हुने व्यक्तिहरुको परिवारमा केही समस्या सृजना भइरहेको हुन्छ । आर्थिक अवस्था र महिला हिंसाको सर्न्दभलाई एक आपसमा जोडेर हेर्ने हो भने कतिपय अवस्थामा आर्थिक कारणले हिंसालाई प्रश्रय दिइरहेको पाइन्छ । कमजोर आर्थिक अवस्था हुदाँ गाँस, वास, कपास मात्र हैन छोरा छोरीलाई राम्रो शिक्षा दिक्षा दिन नसक्ने तथा दैनिक गुजारामा समस्या भएपछि घरमुली वढी तनावमा आउने र जाँड रक्सी, जुवा तास तथा मानसिक रुपमा फरक शैलीको भई श्रीमती माथि हिंसा थोर्पर्ने तथा भौतिक, मानसिक तथा मनोवैज्ञानिक रुपमा तनाव दिई हिंसालाई बढ्वा गरेको कुरा अध्ययनमा संलग्न महिलाको भनाईवाट पुष्टि हुन्छ । आर्थिक कारणले हिंसा भोग्ने महिलाहरुको विवरण तालिका नं.११ मा प्रस्तुत गरिन्छ ।

**तालिका नं.११ आर्थिक कारण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शहरी | १ | २५ |
| २ | ग्रामीण | ३ | ७५ |
| जम्मा | | ४ | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

प्रस्तुत तालिका नं.११ मा आर्थिक कारणले हिसा पिडित हुने महिलाहरुको विवरणलाई ग्रामीण र सहरी क्षेत्रमा तुलनात्मक रुपमा अध्ययन गरिएको छ । उक्त तालिकालाई विस्तृत रुपमा अध्ययन गर्दा सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरु आर्थिक कारणले बढी मात्रामा हिंसाको सिकार हुनुपरेको कुरा अध्ययनबाट पाइएको छ । उक्त अध्ययनमा ३ जना वा ७५ प्रतिशत ग्रामीण महिला हिसा पिडित हुनुपरेको तथ्यबाट शहरको तुलनामा ग्रामीण महिला आर्थिक कारणले हिंसा पिडित हुनु परेको प्रष्ट देखिएको छ ।

**घटना नं.६ आर्थिक कारण र हिंसा**

१९ वर्षिया देविका रोकाय ( नाम परिवर्तन ) ले २०६६ सालमा एस.एल.सी दितिय श्रेणीमा पास गरेको बताउछिन् । उनका आमा बुबा नजिकैको छेडा बजारमा होटल गरेर जहाँन परिवार पालनपोषण गरीरहेका छन् भनी बताउछिन् । उनको जेठी दिदीले १६ वर्षकै उमेरमा कक्षा १० मा पढ्दा पढ्दै गर्दा आफै विवाह गरेको बताउछिन् । त्यस्तै उनको भाइले २०६७ सालमा द्धितिय श्रेणीमा एस.एल.सी पास गरेको र अहिले ऊ विरेन्द्रनगर बहुमुखी क्याम्पसमा कक्षा १२ मा अध्ययनरत रहेको पनि बताइन । बुबा आमाको कमाइ मासिक ५००० हजार जति हुने र त्यसले भाई र मेरो पढाई शुल्क तिदै घर व्यवहार चलाउन निकै कठिन पर्ने भएकाले होटल गरेर जीविकोपार्जनमा लागेका बुवा आमालाई सहयोग गर्ने देविकाले कार्यस्थलमा पुरुषहरुले जिस्क्याउने, अपमान गर्ने र जथाभावी शव्दहरु प्रयोग गर्ने गरेकोले मनोवैज्ञानिक रुपमा पिडित भएको वताइन् । अरु पेशा नभएपछि गरिरहेको काम छोड्न पनि नसकिने र तनाव कै वावजुत पनि काम गर्नुपरेको दुखेसो पोखिन् ।

## ५.५ सांस्कृतिक कारण

महिला हिंसाको ज्वलन्त उदाहरणको रुपमा रहेका विभिन्न कारणहरु मध्ये सांस्कृतिक कारण एउटा प्रमुख कारणको रुपमा रहेको छ । ऐतिहासिक विषयवस्तु, विगतदेखि चलि आएका चालचलन तथा सांस्कृतिक पृष्ठभूमिको कारण पितृसतात्मक समाजमा अन्य समाजमा भन्दा महिला हिंसा दोब्वर हुने गरेको पाइन्छ । नेपालको सुदुरपश्चिम क्षेत्र मुख्यगरि महिला हिंसाको केन्द्रविन्दु रहेको र अध्ययनको क्षेत्र पनि त्यसकै सेरोफेरोमा रहेको परिप्रेक्ष्यमा हेर्ने हो भने उक्त क्षेत्रमा सांस्कृतिक कारणको वा परम्परागत प्रवृतिको ढोङ रचदै महिलाहरुलाई मन्दिरमा लगेर चढाउने, विक्री गर्ने जस्ता कार्य भएका छन् । उदाहरणका लागि झुमा प्रथा, देउकी प्रथा जस्ता असमान प्रथाहरुका कारणले महिला हिंसाको अवस्था जर्रजर रहेको हामी वीच प्रष्ट भएको छ । सांस्कृतिक कारणले हिंसाको शिकार हुने शहरी तथा ग्रामीण महिलाको विवरण तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. १२ सांस्कृतिक कारण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शहरी | २ | ४० |
| २ | ग्रामीण | ३ | ६० |
| जम्मा | | ५ | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

तालिका नं.१२ मा सांस्कृतिक कारणले अध्ययनमा संलग्न महिला हिसा पिडित हुनुपरेको कारणलाई देखाउने प्रयास गरिएको छ । तालिकामा प्रस्तुत आंकडालाई शहरी र ग्रामीण क्षेत्रसँग तुलनात्मक रुपमा अध्ययन गर्दा धर्म संस्कृति र परम्पराको कारण ग्रामीण क्षेत्र वढी प्रभावित भएको पाइएको छ किनभने शहरी क्षेत्रमा शैक्षिक स्तर केही उच्च हुनु तथा आधुनिक प्रणालीको विकास केही हद सम्म भएकोले त्यस किसिमको संस्कृतिको वढी प्रभाव परिरहेको हुन्छ । प्रस्तुत तालिकामा ५ जना महिला मध्ये ४ जना ग्रामीण मध्ये संस्कृतिको कारण हिंसाको शिकार भएको अध्ययनवाट प्रष्ट भएको छ ।

**घटना नं.७ सांस्कृतिक कारण र महिला हिंसा**

३४ बर्षिय उर्मिला टमटा (नाम परिवर्तन) २ छोरा र २ छोरीकी आमा हुन् । उनको विवाह १५ बर्षकै उमेरमा भएको थियो । बाबु आमाको सल्लाहले १९ बर्षिय सरदुल मण्डलसँगै भएको बताउँछिन् । आर्थिक अवस्था सामान्य रहेको परिवारमा  छोरा छोरी राम्रै स्कुलमा पढिरहेको कुरा बताए तापनि हाल आएर श्रीमान तथा सासु ससुरा र परिवारका अन्य सदस्यले उनीलाई तल्लो दर्जाको व्यक्तिको हैसियतमा थिचोमिचो गर्ने गरेको र बारम्बार कूटपिट गरि पटक पटक घरबाट निकाला गनै खोजेको कुरा बताइन् । घरबाट निकाल्न खोज्नुको वास्तविकता के हो भनेर सोध्दा उनको जवाफ थियो दाइजो नल्याएको कारण दैनिक हिंसा भोग्नुपरेको दुःखेसो हामीसँगै पोखेकी थिइन् । श्रीमान एस. एल. सी. सम्म पढेको बताउने मण्डलले माइतीमा पनि आर्थिक अवस्था कमजोर भएको र कुनैपनि कूरा दाइजोको रुपमा ल्याउन नसक्ने र बारम्बार हिंसा भोग्नुपर्ने कूरा अर्न्तवार्ताका क्रममा बताएकी थिइन् ।

## ५.६ मनोवैज्ञानिक तथा अन्य कारण

महिला हिंसा हुने विविध कारण मध्ये मनोवैज्ञानिक कारण पनि एउटा मुख्य कारणको रुपमा विकसित भएको छ । अहिले नेपालको परिप्रेक्ष्यमा महिलाहरु मनोवैज्ञानिक रुपमा पिडित हुनेको संख्या दिनानुदिन वढ्दो रहेको छ । अध्ययनमा संलग्न ४० जना महिलाहरु मध्ये ६ जना वा १५ प्रतिशत महिलाहरु मनोवैज्ञानिक रुपमा हिंसा पिडित भएको पाइयो । उक्त महिलाहरुको भनाई अनुसार परिवारका सदस्य, आफन्त, छरछिमेक तथा श्रीमानले वढी तनाव दिने गरेको कुराकानीको क्रममा वताएका छन् । श्रीमानले जाडँ रक्सी खाएर आउने, विभिन्न माग राखेर हिंसा गर्ने जस्तै यौन सर्म्पकका लागि दवाव दिने, विभिन्न किसिमका आरोप प्रत्यारोप गरी घर छोड्न वाध्य बनाइने जस्ता किसिमका मानसिक तनाव दिने गरेको उत्तरदाताले वताए । मनोवैज्ञानिक कारणले हिंसाको शिकार हुने शहरी तथा ग्रामीण महिलाको विवरण तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. १३ मनोवैज्ञानिक तथा अन्य कारण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शहरी | ३ | ५० |
| २ | ग्रामीण | ३ | ५० |
| जम्मा | | ६ | १०० |

स्रोत :- घरधुरी सर्वेक्षण २०७०

प्रस्तुत तालिकामा शहरी  तथा ग्रामीण क्षेत्रका महिलाहरु हिंसा पिडित हुने विभिन्न कारणहरु मध्ये मनोवैज्ञानिक कारण पनि एक भएको र उक्त कारणवाट हिंसा पिडित हुने महिलाहरु मध्ये शहरी र ग्रामीण क्षेत्रका महिलाहरु वरावरी स्थितिमा रहेको पाइयो । प्रस्तुत तालिका अनुसार ३ जना वा ५० प्रतिशत शहरी क्षेत्रका महिला तथा ३ जना वा ५० प्रतिशत ग्रामीण क्षेत्रका महिलाहरु हिंसा पिडित भएको देखिएकोले शहरी र ग्रामीण दुवै क्षेत्रमा मनोवैज्ञानिक रुपमा हिंसा पिडित हुनेको संख्या हाराहारीमा रहेको अध्ययनवाट पाइयो ।

**घटना नं.८ महिला हिंसा र मनोवैज्ञानिक कारण**

२७ वर्षिया सुमित्रा सिहं ठकुरी (नाम परिवर्तन) ले सरस्वती उ.मा.वि बाट २०६२ सालमा १० कक्षाको टेष्ट परीक्षा पास गरेको बताइन् । त्यसपछि २ पटक सम्म एस.एल.सी पनि दिएको तर एस.एल.सी. मा भने आफू असफल भएको बताइन् । यसरी एउटै कक्षामा दुईपटक सम्म फेल भएपछि आफू सगै पढ्ने साथीहरु उच्च शिक्षा हासिल गर्न जान थालेका र आफूले चाहि त्यही कक्षामा पढ्नुपर्ने भएको कारण र घरमा पनि फेल गरेको भनी अभिभावकले गाली गर्दा पढ्ननै छाडेको बताइन् । त्यसपछि वुवा आमाले विवाह गरिदिएको र हाल ३ छोरीकी आमा भएको वताइन् । श्रीमानको कुनैपनि रोजगारी नभएको कारण कृषि पेशा गर्ने सुमित्रा हाल छोरा नपाए अर्को श्रीमती विवाह गर्ने श्रीमानको धम्कीको कारण रातदिन मानसिक पिडा भोग्न बाध्य भएको कुरा बताइन् ।

# अध्याय छ

# निष्कर्ष

## ६.१ मुख्य प्राप्तिहरु

यो अनुसन्धान सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा वीरेन्द्रनगरको बुद्धपथ टोलमा रहेका महिलाहरुले भोग्नुपरेको घरेलु हिंसा र उनीहरुसँग जोडिएका सामाजिक, आर्थिक, राजनैतिक, पारिवारिक, शैक्षिक लगायतका विषयवस्तुसगँ प्रत्यक्ष अप्रत्यक्ष रुपमा जोडिन आउने कुराहरुलाई उजागर गरि केही मात्रामा प्रस्फुटन गर्ने कोशिस गरिएको छ । नेपालको परिवेशमा दिनानुदिन वृद्धि भईरहेको हिंसाको मूख्य केन्द्रविन्दु महिलाहरु भएको वर्तमान अवस्था र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा परिवारमा हिंसा भोग्न वाध्य भएका महिलाहरुलाई उत्तरदाताको रुपमा समावेश गरि उनीहरुमाथि भएको हिंसाको बारेमा बुझ्ने प्रयास गरिएको थियो ।

सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा वीरेन्द्रनगर सदरमुकामको एउटा टोल बुद्धपथका १००/१०० घरधुरी मध्येवाट २०/२० घर पर्ने गरी छनोट गरी ४० जना महिलाहरुलाई उत्तरदाताको रुपमा संलग्न गरिएको अध्ययनमा महिलाहरुसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुराकानी, अवलोकन, घरधुरी सर्वेक्षण जस्ता कार्यवाट महिलाहरुले भोग्नु परेको घरेलु हिंसाको वारेमा मुख्यतया तथ्यको नजिक पुग्ने प्रयास गरिएको थियो । अध्ययनमा संलग्न गरिएका ४० जना महिलाहरुको पारिवारिक स्थिति, आर्थिक, सामाजिक, राजनैतिक, वैवाहिक स्थिति लगायत हिंसामा पर्नुको मुख्यकारण खोतल्ने प्रयास गरिएको थियो ।

महिलाहरु माथि हुने घरेलु हिंसाको मूख्य कारण यहि हो भनेर अध्ययनबाट प्रष्ट हुन नसकेपनि विभिन्न कारणले गर्दा महिलाहरु पिडित भएको अध्ययनबाट पाइयो । घरेलु हिंसा भोग्न वाध्य भएका महिलाहरुमा मूख्य गरि आर्थिक कारणले गर्दा हिंसा भोग्नेको संख्या ३ जना वा १३.०४ प्रतिशत रहेको पाइयो । महिला हिंसा बढ्नुमा सामाजिक परम्परा, साँस्कृतिक कारण, छोराको चाहना, दाइजो, सासु ससुरा तथा श्रीमानको गलत धारणा, महिला शिक्षाप्रति चासो कमि, सानो उमेरमा विवाह, सामाजिक मुल्य मान्यता, पितृ सत्तात्मक समाज, अन्धविश्वास, कुरीति, कुसंगति जस्ता कारणहरु मूख्य भएको अध्ययनको क्रममा उत्तरदाताको

धारणाबाट पाइयो भने सरकारी निति नियम फितलो हुनु, जनचेतनाका कार्यक्रमहरु शहरमा मात्र केन्द्रित हुनु जस्ता कारणहरु एकातर्फ सक्रिय देखिए भने अर्कोतर्फ हिंसा गर्ने पिडक पक्षलाई कारवाही गर्ने प्रशासनीक संयन्त्र दरिलो नभएको कारणले गर्दा पिडा भोग्न वाध्य हुने महिलाले न्याय नपाउने तथा अन्याय गर्ने मानिस खुलेआम रुपमा सक्रिय हुने अवस्थाले गर्दा राज्यको कारणबाट बढी मात्रामा महिलाहरु दुर्व्यबहार सहन बाध्य भएको अवस्था कायम छ भने सरकारी ओहोदामा बस्ने व्यक्तिहरुले सार्वजनिक ठाउँमा महिलाको अधिकारको लागि वकालत गरेर घण्टौं विताउने तर आफ्नो परिवारमा पटक पटक दुर्व्यवहार गरेको घटना विभिन्न समयमा सार्वजनिक भएको छ । अध्ययन क्षेत्रका महिलाहरुमा पनि मुख्य गरि लैङ्गिक हिंसा, आर्थिक, मनोवैज्ञानिक लगायत दाइजोका कारण तथा सन्तान प्राप्तिमा छोराको चाहनाको कारण पनि केही बढी मात्रामा महिलाहरुले हिंसा भोग्नु परेको कुरा उत्तरदाताहरुले बताएका छन् भने महिला हिंसाको मात्रा बढी हुनुको मुख्य कारण चेतनाको कमी भएको उत्तरदाताको भनाइबाट पुष्टि भयो । त्यस्तैगरि महिला हिंसामा शिक्षित र अशिक्षित बीचमा हिंसाको प्रकृति फरक फरक हुने कुरा अध्ययनबाट पाइयो ।

महिला हिंसा दिनानुदिन वृद्धि भइरहेको अवस्थालाई हेर्ने हो भने विश्वमा प्रत्येक ३ जना महिलामा १ जना महिला कुनै न कुनै रुपमा हिंसाको शिकार हुनु परेको तथ्य हाम्रो सामु छर्लङ्ग रहेको छ । सुर्खेत जिल्लाको मेली गा.वि.स. तथा वीरेन्द्रनगर सदरमुकामको बुद्धपथ टोलको महिलाहरुले हिंसा भोग्ने मुख्य कारणमा भौतिक हिंसा(physical abuse) मुख्य हिंसाको कारणको रुपमा रहेको वढी महिलाहरुले वताए भने आर्थिक कारण, मनोवैज्ञानिक, हाडनाता, दाइजोको कारण, सन्तान उत्पादनमा दवाव लगायतका विविध कारणले पनि मुख्य स्थान ओगटेको पाइयो । घरधुरी सर्वेक्षणको क्रममा महिलाहरुको धारणाले यो कुरा प्रष्ट हुन्छ कि अधिकांश महिलाहरु आफ्नै परिवार तथा श्रीमानवाट हिंसाको शिकार भएको यर्थाथ पाइयो भने महिलाहरुले निर्णय प्रक्रियामा सहभागिता जनाउन नपाउनु, शिक्षाको अवसर नपाउनु पनि मुख्य हिंसाको कारणको रुपमा रहेको पाइयो ।

महिला हिंसाको बिषयलाई एउटा गम्भीर विषयको रुपमा उठान गरि सानो क्षेत्रमा अध्ययन गरेपनि निष्कर्षमा हेर्ने हो भने महिला हिंसाको अवस्था जर्जर रहेको कुरा ४० जना

उत्तरदाता मध्ये २८ जनाले हिंसाको शिकार भएको वताए पछि करीव ७० प्रतिशत महिला पिडित भएको तथ्य पत्ता लागेको छ । महिला हिंसालाई बढवा दिनमा सामाजिक-सांस्कृतिक कारण पनि मुख्य रुपमा रहेको अध्ययनमा संलग्न महिलाहरुको भनाईवाट पुष्टि भएको छ । सामाजिक-सांस्कृतिक चालचलनको आडमा महिलाहरुलाई छाउपडी अर्थात महिनावारी भएको वेला गोठमा वा जंगलमा सुत्न वाध्य वनाउने, झुमा प्रथाको नाममा मन्दिरमा चढाउने, ऋण दिएको नाममा असुल उपरका लागि कमैया राख्ने जस्ता असमान व्यवहारले महिलाहरुलाई हिंसाको शिकार वनाएको कुरा स्थलगत अध्ययन तथा महिलाहरुको भनाईवाट पुष्टि गर्न सकिने अवस्था सिर्जना भएको छ ।

उक्त अध्ययन क्षेत्रको महिलाहरुको वारेमा अध्ययन गर्दा शहरी क्षेत्र र ग्रामीण दुवै क्षेत्रका महिलासँग गरिएको कुराकानीका आधारमा हेर्ने हो भने शहरी क्षेत्रका महिलाहरुले रोजगारी, शिक्षा लगायतका कुरामा केही पहुँच भएको पाइयो भने ग्रामीण क्षेत्रका महिलाहरुले कुनैपनि किसिमको अवसर नपाउनु तथा शैक्षिक स्तर न्युन हुनु जस्ता कारणले शहरी क्षेत्रका महिला भन्दा ग्रामीण क्षेत्रका महिलाहरु वढी हिंसाको शिकार हुनुपरेको उत्तरदाताको भनाई तथा अनुसन्धानकर्ताको अध्ययनवाट पाइयो ।

# सन्दर्भ सामाग्री (Biblography)

LUITEL,S.-(2008): *Gender studies*, acedemic  book center kirtipur, ktm

SINGH, AJIT(2013), *Domestic Violence Time For Action*, Himalayan times,

Kathmandu Nepal

UNFPA(2003), *violence Against Women In South Asia, A Regional Analysis*,

Kathmandu

UNICEF(2000), *Lesson from south Asia  to End Violence Against Women And Girls Breaking*,The Earthenware Jar,United  Nations Children's  Fund Regional Office For South Asia.(kathmandu office).

UNICEF (2000). *Lesson from South Asia to End Violence Against Women And Girls Breaking*, The Earthenware Jar, United nations Children's Fund Regional Office For South Asia. (Kathmandu: UNICEF Regional Office)

UNICEF (2003). *A Reference kit on Violence Against Women And Girls In South Asia*, United Nations. Children's Fund Regional Office For South Asia (Kathmandu: UNICEF)

W.H.O. (2004). *Safe Motherhood; Whipping out Violence Against Women, Issue*, Kathmandu.

W.H.O. (1998). *Safe Motherhood; Whipping out Violence Against Women, Issue*, Kathmandu.

अर्याल,भोजेन्द, २०५९ *“लैगिक अध्ययन”* साभ्ना प्रकाशन,काठमाडौं

ओभ्ना, धनानाथ २०६७ , *नेपालमा महिला* , पैरवी बुक हाउस,काठमाडौं

उपाध्याय, जगत (२०६६) *शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क वर्ष ३ अंक १ अनुसन्धानात्मक पत्रिका,* नेपाल प्रगतिशील प्राध्यापक संगठन केन्द्रिय समिति बल्खु काठमाण्डौं ।

केन्द्रिय तथ्यांक विभाग २०६८, *फाइनल प्रतिवेदन पेज नं.३ देखि ७ नेपाल सरकार,जनसंख्या तथा वातावरण मन्त्रालय,* सिहदरबार काठमाडौं

गौतम, टिकाराम–२०६७, *लैङ्गिक अध्ययन,* एकेडेमीक बुक सेन्टर,कीर्तिपुर

चित्रकार, जुलीया २०६३ लेख, *लैङ्गिक समतामुखी शिक्षा विचार र व्यवहार परिवर्तन गर्नुपर्ने क्षेत्रहरु* ,जनमुखी शिक्षा सरोकार मञ्च वर्ष ८ अंक १६

नेपाल सरकार, *छैटो योजना २०३७ देखि २०४२,* राष्टिय योजना आयोगको कार्यालय सिंह दरबार, काठमाडौं ।

नेपाल सरकार, *तेह्रौं योजना २०७०/७१–२०७२/७३,* (आधार-पत्र) राष्टिय योजना आयोगको कार्यालय सिंहदरबार, काठमाडौं ।

श्रेष्ठ,डा.केशवकुमार, तिलकप्रसाद चौलागाइ, केशवराज सापकोटा २०६७, *‘लैङ्गिक अध्ययन”* एकेडेमिक बुक सेन्टर, कीर्तिपुर काठमाडौं

नेपाल सरकार, *नेपालको अन्तरिम संविधान २०६३,* सिंहदरवार काठमाण्डौ नेपाल

भाषिन,कमला: *पितृसत्ता के हो?* नेपाली अनुवाद स्त्रीशक्ति, कमलादी काठमाडौं

थपलिया, प्रा.डा.शान्ता (१९८९), महिला हिंसा उन्मुलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरु काठमान्डौ नेपाल ।

**सुर्खेत जिल्लामा महिला विरुद्ध हुने घरेलु हिंसाको एक अध्ययन**

*घरेलु हिंसा पिडित महिला तथा उनीहरुको परिवारको लागि तयार पारिएको प्रश्नावली*

घरधुरी सर्वेक्षण

उत्तरदाताको विवरण

नाम :- पुरुष :- महिला :-

जाति :- धर्म :- शिक्षा :-

वडा नं. :-

१) परिवारको सदस्यको विवरण:-

| सदस्यको नाम | उत्तरदातासँगको सम्वन्ध | लिङ्ग | उमेर | वैवाहिक सम्वन्ध | पेशा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२.तपाईको परिवार संख्या कति छ ?

.........................................................................................................

३.तपाईको परिवारमा कति कति उमेरका सदस्यहरु छन्?

| उमेर समुह | पूरुष | महिला | विवाहित | अविवाहित | विधवा | विदुर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४) तपाईको परिवार मासिक आम्दानी कति छ?

.........................................................................................................

५) तपाईको आफ्नो उत्पादनले तपाईलाई वर्षभरी खान पुग्छ?

...........................................................................................................

६) तपाईको परिवारको खर्च विवरण (प्रतिशत)

(क) शिक्षा (ख) स्वास्थ्य (ग) खाद्यान्न (घ) अन्य

.......................................................................................................................

७) दश वर्ष यता तपाईको परिवारको कोही सदस्य वैदेशिक रोजगारीमा जानु भएको छ?

(क) छैन (ख) छ

८) तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ?

(क) धुर (ख) कट्ठा (ग) बिघा

९)तपाईको परिवारमा रोजगारीमा कोही हुनुहुन्छ?

.......................................................................................................

१०)(भएमा) के मा हुनुहुन्छ?

..........................................................................................................

खण्ड ख

१) तपाईलाई महिला माथि हुने हिंसाको वारेमा केही थाहा छ ?

..............................................................................................................

२) तपाई कुनैपनि किसिमको हिंसामा पर्नु भएको छ ?

.............................................................................................................

३) यदि पर्नु भएको  छ भने कस्तो खालको हिंसाको शिकार हुनुभएको छ ?

..............................................................................................................

४) यो के कारणले भए जस्तो लाग्छ ?

................................................................................................................

५) तपाईलाई हिंसा हुने मुख्य कारण के हो जस्तो लाग्छ ?

.....................................................................................................

६) परम्परागत कारणले हिंसा हुन्छ जस्तो लाग्छ ?

.....................................................................................................

६) महिला माथि हुने हिंसा कम गर्न वा अन्त्य गर्न के गर्नुपर्ला जस्तो लाग्छ ?

.....................................................................................................

७) तपाईलाई हिंसा गर्नेमा सवैभन्दा जिम्मेवार पक्ष कसलाई मान्नु हुन्छ ?

.....................................................................................................

८) तपाईको परिवारमा महिलालाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ ?

.....................................................................................................

९) तपाईको समाजमा महिलालाई कुन स्थानमा राखिन्छ ?

.....................................................................................................

१०) सामाजिक सांस्कृतिक कारणले पनि महिला हिंसाको शिकार हुन्छन् जस्तो लाग्छ तपाईलाई?

.....................................................................................................

११) महिला हिंसा अन्त्य गरि महिलालाई निर्णय प्रक्रियामा ल्याउन के गर्नुपर्ला जस्तो लाग्छ ?

.....................................................................................................

## खण्ड ग

१) तपाई लेख्न पढन जान्नु हुन्छ ?

.....................................................................................................

२) (यदि जान्ने भए) तपाईको पढाई कति ?

.....................................................................................................

३) (थिए भने) तपाई स्कूल जानु भएन ?

.....................................................................................................

४) (गएको भए) कति सम्म पढ्नु भयो ?

.......................................................................................................

५) त्यसपछि किन पढ्नु भएन ?

........................................................................................................

६) छोराहरुको पनि यस्तै हुन्छ ?

............................................................................................

७) (नहुने भए) के छोरीको/महिलाको शिक्षामा ध्यान दिनु पर्छ जस्तो लाग्दैन ?

.............................................................................................

८) छोरीलाई शिक्षा दिने प्रति सामाजिक धारणा कस्तो छ ?

.............................................................................................

९) के समाजमा विद्यमान धारणा परिर्वतन गर्न सकिदैन ?

.............................................................................................

१०) महिलाहरुको शिक्षामा न्युन सहभागिताको कारण हुन सक्छ ?

..............................................................................................

११) तपाईको परिवारमा कति जना महिला हुनुहुन्छ ?

..............................................................................................

१२) तपाईको परिवारमा निर्णय प्रक्रियामा महिलाको सहभागिता कस्तो छ?

................................................................................................

१३) तपाईको परिवारमा महिलालाई हेर्ने दृष्टिकोण कस्तो छ ?

.................................................................................................

१४) (यदि राम्रो नभएमा) के कारणले राम्रो छैन?

.............................................................................................................

१५) अवसर पाए पढ्नु हुन्थ्यो ?

..........................................................................................................

१६) शिक्षा प्रतिको चेतनामा परिर्वतन भएकै हो त ?

..........................................................................................................

१७) महिलाहरुको शिक्षामा न्यून सहभागिताको कारण के हुन सक्छ ?

.........................................................................................................

१८) समुदायनै छोरीलाई शिक्षा आवश्यक पदैन भन्ने धारण राख्दछ ?

........................................................................................................